का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ भदौ २०८१,
आइतबार
8 September, 2024
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक २०८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




## नेपाल–भारत सम्बन्ध

# सधैं समस्या !

जनस्तरमा बलियो सम्बन्ध रहेको छिमेकी मुलुक भारतसँग नेपालको सीमाका विषयलाई लिएर लामो समयदेखि विवाद छ । समाधानका लागि अनेकन संयन्त्र बनेका छन् । सुझाव दिइएका छन् । तिनको सही कार्यान्वयन नहुँदा दुई देशबीच राजनीतिक सम्बन्धमा प्रश्न उठ्ने गरेको हो ।



ईपीजीको प्रतिवेदन बुझ्ने-बुझाउने मौका अहिलेसम्म मिलेको छैन । नेपाली पक्षले प्रतिवेदन बुझ्न नभ्याउने कुरै भएन । भारतीय पक्षको पनि प्रतिवेदन बुझ्न अब समय मिल्ला भन्ने लागेको छ ।



■ **केपी शर्मा ओली**
प्रधानमन्त्री

ईपीजीको कुरा टुंग्याउनुपर्छ र वाटरलाई जियोपोलिटिकल टुलका रूपमा प्रयोग गर्नु हुँदैन । यति कुरा भयो भने हाम्रो सम्बन्धमा देखिएका इरिटेशनहरु बाँकी रहँदैन । यो त चुट्की बजाएर सबै समाधान हुन्छन् ।



■ **डा. विपिन अधिकारी**
संविधानविद्

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २२ भदौ ।

नेपालले छिमेकी मुलुक भारतसँगको सीमा विवाद समाधान चाहेको छ । यसका लागि नेपालले प्रबुद्ध व्यक्तिहरुको समूह (ईपीजी) प्रतिवेदन बुझेर त्यसलाई कार्यान्वयनका लागि पहल लिएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओली भारतीय पक्षले ईपीजी प्रतिवेदन बुझ्न समय मिलाउने विश्वास गर्छन । यो प्रतिवेदन दुवै देशले बुझेपछि कार्यान्वयनमा जानेछ।

फराकिलो मन र सहनशील भएर संवाद गरेमा नेपाल-भारतबीचका समस्या सहज रूपमा समाधान गर्न सकिने प्रधानमन्त्री ओलीको दृढ विश्वास छ। यसका लागि नेपाल सधैं अग्रसर रहेको उनी बताउँछन् ।

जलस्रोत विकास संस्थाद्वारा प्रधानमन्त्री निवास बालुवाटारमा शनिवार आयोजित पूर्वप्रशासक सूर्यनाथ उपाध्यायको 'अन्तर्राष्ट्रिय जलप्रवाह कानुन नेपाल-भारत सहकार्यको दृष्टिकोण' पुस्तकको विमोचन गर्दै प्रधानमन्त्री ओलीले नेपाल-भारतबीचमा केही समस्या रहेको स्मरण गरे । ति केही समस्या समाधानका लागि आफ्नो प्रस्तावमा दुवै प्रधानमन्त्रीबीचको सहमतिमा ईपीजी गठन गरिएको उमले स्मरण गरे ।

'ईपीजीको प्रतिवेदन बुझ्ने-बुझाउने मौका अहिलेसम्म मिलेको छैन। नेपाली पक्षले प्रतिवेदन बुझ्न नभ्याउने कुरै भएन। भारतीय पक्षको पनि प्रतिवेदन बुझ्न अब समय मिल्ला >>> पृष्ठ २ मा

## महाधिवेशन केन्द्रित लोसपा

# अध्यक्ष नछोड्ने मुडमा महन्थ ठाकुर



२०६५ सालदेखि पार्टी अध्यक्षका रुपमा रहँदै आएका महन्थ ठाकुर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को आगामी वैशाखमा हुने महाधिवेशनबाट पुन: नेतृत्वमा दोहोरिने दौडमा देखिन्छन् ।

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २२ भदौ ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले आगामी वैशाखमा महाधिवेशन गर्ने भएको छ ।

यही भदौ १९ र २० गते बसेको पदाधिकारी बैठक आगामी वैशाख २६ गते महाधिवेशन गर्ने निर्णय गरेको हो । अहिलेको केन्द्रीय कार्य समितिलाई केन्द्रीय महाधिवेशन तयारी मूल समितिमा परिणत गर्ने निर्णय भएको छ ।

साधारण सदस्यताका लागि प्रत्येक जिल्लामा कार्तिक मसान्तसम्म अभियान सञ्चालन हुनेछ ।

नेताहरूका अनुसार महाधिवेशनबाट महन्थ ठाकुर आफैं अध्यक्षमा दोहोरिने मुडमा छन् । २०६५ सालदेखि पार्टी अध्यक्षका रुपमा रहँदै आएका ठाकुर लोसपाको आगामी वैशाखबाट हुने महाधिवेशनबाट पुन: नेतृत्वमा दोहोरिने दौडमा लागेका हुन् ।

पार्टीमा ठाकुरलाई अध्यक्षबाट विश्राम लिन दबाब पनि छ। तर, उनी अध्यक्षबाट हट्ने मनस्थितिमा छैनन् । अध्यक्षको अभिभावकीय भूमिकामा रहेर कार्यकारी अध्यक्ष अरु कसैलाई दिने कि भनेर उनीसमक्ष नेताहरूले प्रस्ताव गरे पनि ठाकुरले त्यो प्रस्तावलाई >>> पृष्ठ २ मा

# नेतृत्वको बचाउमा रास्वपा

पार्टी सभापति रवि लामिछाने केन्द्रित रहेर सहकारीको संसदीय छानबिन र प्रहरी अनुसन्धान तीव्र भएपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता/कार्यकर्ता नेतृत्वको बचाउमा उत्रिएका हुन् ।



हामीले करिब ३६ हजार १०७ जना रविहरू यो देशमा जन्माउनु पर्नेछ । ३६ हजार १०७ जना रविहरू यो देशमा जन्मियो भने मात्र सायद यो देशले, देशको नागरिकले सोचेअनुसारको देश बन्नेछ ।

**डोलप्रसाद अर्याल**
उपसभापति, रास्वपा

**शिव विक/मध्यान्ह**
काठमाडौं, २२ भदौ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता/कार्यकर्ता नेतृत्वको बचाउमा उत्रिएका छन् । पार्टी सभापति रवि लामिछाने केन्द्रित रहेर सहकारीको संसदीय छानबिन र प्रहरी अनुसन्धान तिव्र भएपछि नेता/कार्यकर्ता नेतृत्वको बचाउमा उत्रिएका हुन् ।

रास्वपाका उपसभापति डोलप्रसाद अर्याल देश बनाउनका लागि ३६ हजारभन्दा बढी रवि लामिछानेहरू जन्मिनुपर्ने बताउँछन् । शनिबार पार्टीको सिन्धुली-काठमाडौं सम्पर्क विभाग गठन कार्यक्रमलाई सम्बोधन गर्दै उपसभापति अर्यालले आफ्नो पार्टी सभापतिको नाम लिँदै देश बनाउनका लागि एउटा रवि लामिछानेले मात्रै नसक्ने बताएका हुन् ।

उनले देशलाई परिवर्तन गरी समृद्ध बनाउनका लागि हरेक वडामा रविहरूलाई जन्माउनुपर्ने बताए । उनले देश बनाउनका लागि ३६ हजार १०७ जना रविहरू जन्माउनुपर्ने र आफूहरू त्यही अभियानमा लागेको बताए ।

'हामीले करिब ३६ हजार १०७ जना रविहरू यो देशमा जन्माउनु पर्नेछ। ३६ हजार १०७ जना रविहरू यो देशमा जन्मियो भने अनि मात्र सायद यो देशले, देशको नागरिकले सोचे अनुसारको देश बन्नेछ' उनले भने । रास्वपा नेपालको पछिल्लो राजनीतिक दल हो । यसको स्थापना २०७९ >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

## यूएईमा १५ हजार हाराहारीमा नेपाली अवैध अवस्थामा रहेको अनुमान

# एम्नेष्टीमा सहभागी हुनेलाई रोजगारीदेखि हवाई टिकट

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ भदौ

यूएईस्थित नेपाली दूतावासले अवैध अवस्थामा रहेका नेपालीलाई घर फर्किने प्रयासमा सहजीकरणका लागि प्रक्रिया शुरु गरेको छ । यूएई सरकारले आफ्नो देशमा लुकिछिपी अवैधरुपमा बसिरहेका कामदारसहित विदेशी नागरिकहरुलाई स्वदेश फर्कन वा वैधानिक भइ बस्न सेप्टेम्बर १ तारिकदेखि अक्टोबर ३० तारिकसम्म लागू हुने गरी एम्नेष्टी आदेश जारी गरेको छ ।

नेपाली दूतावासले विगतमा वर्किङ वा भिजिट भिसामा यूएई गएर रन वे (भागेका) वा ओभर स्टे भइ जरिवाना वा अध्यागमन समस्या रहेकाहरूले एमन्ष्टीको सुविधा पाउने बताएको छ। नेपाली कामदारको प्रमुख गन्तव्य मुलुक यूएईमा करिब ६ लाख नेपाली रहेको अनुमान दूतावासको छ ।

नेपाली दूतावासका काउन्सिलर श्रम दीनबन्धु सुवेदीका अनुसार हाल १५ हजार हाराहारीमा नेपाली गैरकानूनी हैसियतमा रहेको अनुमान गरिएको छ। भिजिट भिसामा गएका अधिकांश गैरकानूनी हैसियतमा रहेको बताइएको छ। सुवेदीले धेरै नेपाली अवैधानिक अवस्थामा रहेको अनुमान गरिएका दुबई र शारजाह क्षेत्रलाई लक्षित गरेर दुबईमा सहायता कक्ष सञ्चालन गरिएको बताए । सहायता कक्ष सातै दिन सञ्चालन हुनेछ ।

वैधानिकीकरण भएपछि यूएईमा भ्रमण तथा कामकाजका लागि जान कुनै समस्या नहुने दूतावासले स्पष्ट पारेको छ । दूतावासले एम्नेष्टी अवधिमा स्वदेश फर्कन चाहने नेपालीलाई यात्रा अनुमतिपत्र नि:शुल्क बनाइदिनेदेखि जहाज टिकटमा सहुलियत दिन नेपाल वायुसेवा निगम >>> पृष्ठ २ मा

### मलेसियाले भारतबाट अधिकांश प्राविधिक जनशक्ति लैजाने

**काठमाडौं/मस-** मलेसियाले भारतबाट अधिकांश प्राविधिक जनशक्ति लैजाने बताएको छ। मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमको अघिल्लो हप्ता भएको भारत भ्रमणका क्रममा भएको श्रम सम्झौतामा प्राविधिक भारतीय कामदार भर्ना प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धी र क्रमबद्ध बनाउने प्रावधान राखिएको छ।

हाल १ लाख ३३ हजारभन्दा बढी भारतीय कामदार मलेसियामा कार्यरत रहेको भएपनि भर्नाका बारेमा स्पष्ट गाइडलाइन्स रहेको छैन । नयाँ एमओयूमा हस्ताक्षरसँगै आप्रवासी कामदारहरूको शोषणजस्ता खराब अभ्यासहरूलाई >>> पृष्ठ २ मा

**फ्रि भिषा, फ्रि टिकट, ZERO COST युएईमा रोजगारको अवसर**

ASSENT STEEL INDUSTRIES

कम्पनी :ASSENT STEEL INDUSTRIES LLC | शहर : DUBAI

पुर्व स्वीकृत मिति: २०८१/०५/२१ | चलानी नं.:६०२२४९०१ | LT. No.:310332

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Mig Welder | 80 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६५,७१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Structural Fitter / Fabricator | 80 | 0 | | 1800 | ६५,७१८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २९ गते** (14 September 2024) **मा हुनेछ ।**

**साथै यस कम्पनीको लागि SCAFFOLDER, RIGGER को पनि माग भएको हुनाले इच्छुक व्यक्तिहरुले नि:शुल्क परामर्शको लागि कार्यालयमा सर्म्पक गर्नु होला ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

EMPOWER HUNTR HR SOLUTION PVT. LTD.

**Empower Huntr H.R. Solution Pvt. Ltd.** Gov. Lic No. 1150/073/074

(साबिक Empower Human Resources Management Pvt. Ltd)

Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445

Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chatwan Branch : 9855016639 | Butwal Branch : 9851178901
Pokhara : 9802855069/ 9802855194

मध्यान्ह
www.madhyanhadaily.com
२३ भदौ २०८१, आइतबार
8 September 2024, Sunday

## पाँचथर बम विस्फोट
# घाइतेको उपचारको जिम्मा सरकारले लिने

**काठमाडौं/मस–** पाँचथरको फालेलुङ गाउँपालिका ५ डाँडागाँउमा भएको बम विस्फोटमा परी घाइते भएका पवन र दिप्सन राईको उपचारको जिम्मा सरकारले लिने भएको छ ।

आम सञ्चार क्षेत्रले घाइते बालबालिकाको उपचारमा सरकारको हेलचक्र्याइँ भन्ने समाचार प्रकाशन भएपछि स्वास्थ्यमन्त्री प्रदिप पौडेलले कीर्तिपुर अस्पतालको बर्न शाखामा उपचाररत पवन र दिप्सनको स्वास्थ्य अवस्थाबारे जानकारी लिन पुगेका थिए । उनले उपचारको सम्पूर्ण जिम्मा सरकारले लिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

घटनामा घाइते भएका ४ जना बालबालिका मध्ये ११ वर्षीय दिप्सन साँवा र अढाइ वर्षीया प्रिन्सा साँवाको मृत्यु भइसकेको छ ।

उनीहरु दाजु बहिनी हुन् । पवन र दिप्सन राईको भने कीर्तिपुर बर्न



अस्पतालमा उपचार भइरहेको छ । फालेलुङ गाउँपालिकाको डाडागाउँमा आइतराज केरुङको घरमा ०८१ भदौ १३ गते विष्फोटक पदार्थ ( द्वन्द्वकालको ह्यान्डमेड सकेट बम) विष्फोट हुँदा उक्त घटना भएको हो । पाँचथरमा यसअघि पनि पटक- पटक बम विस्फोट हुँदा यस्ता खाले घटना भएका छन् । फालेलुङ गाउँपालिकाले भद्रपुरदेखि काठमाडौंसम्मको हवाई टिकट काटिदिएको थियो ।

# ‘राजनीतिक परिवर्तनमा निजामती कर्मचारीको योगदान महत्वपूर्ण’

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २२ भदौ

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मुलकमा लोकतान्त्रिक व्यवस्था ल्याउनका लागि निजामती कर्मचारीहरुको निकै महत्वपूर्ण योगदान रहेको बताएका छन । निजामती कर्मचारी दिवसको अबसरमा सन्धिखर्कमा भएको पुरस्कार वितरण समारोहलाई सम्बोधन गदै मुख्यमन्त्री आचार्यले निजामती सेवाले कानूनी रुपमा मान्यता प्राप्त गरेको दिनको सम्भनामा प्रत्येक वर्ष भदौ २२ मा मनाउने गरिएको निजामती सेवा दिवसका अवसरमा कर्मचारीलाई बधाइ शुभकामना दिएका थिए । अग्रगामी राजनीतिक परिवर्तन गर्न निजामती कर्मचारीहरुले गरेको प्रत्यक्ष योगदान प्रशंसायोग्य रहेको बताउँदै मुख्यमन्त्री आचार्यले हरेक बेला पर्ने संकटमा आफ्ना पेशागत हकहित सँगै मुलुकलाई कर्मचारीले दिएको योग्यता



प्रशंसनिय रहेको उल्लेख्य गरे ।

मुख्यमन्त्री आचार्यले नेपालको शासकीय व्यवस्थामा निजामती सेवाले आफ्नो सहभागिता जनाउँदै आएको बताउँदै लोकतान्त्रिक शासन व्यवस्थामा यसको भूमिका र जिम्मेवारी अझैं गहन र व्यापक हुँदै गएको बताए ।उनले लुम्बिनी प्रदेश सरकारले छिट्टै विभिन्न तहमा १९ सय कर्मचारीको विज्ञापन खोल्ने बताए । संघीय सरकारले हस्तान्तरण गरेको स्वीकृती दरबन्दी अनुसार लुम्बिनी प्रदेश सरकार मातहत रहेका कार्यालयहरुमा ४ हजार ७८ जना कर्मचारीको दरबन्दी रहेकोमा हाल २१ सय ७८ जना कर्मचारी मात्र कार्यरत रहेको र रिक्त रहेका १९ सय कर्मचारीको पदमा अब छिट्ट लोक सेवा आयोगमार्फत विज्ञापन खोलिने दाबी गरे ।

स्थानीय कर्मचारी ऐन र प्रदेश कर्मचारी ऐन यसै वर्षबाट लागु हुने गरी अगाडि बढेको बताउँदै कर्मचारी ऐन लागु हुन नसक्दा कर्मचारीमा निरासा छाएको भन्दै यस वर्ष स्थानीय कर्मचारी ऐन र प्रदेश कर्मचारी ऐन पारित भएपछि कर्मचारीको मनोवल वृद्धि हुने र कर्मचारीका समस्या समाधान हुने बताए ।

कार्यक्रममा निजामती सेवा दिवसको अवसरमा आयोजना गरिएको विभिन्न खेलकुद प्रतियोगीतामा प्रथम, द्वितीय र तृतीय हुनेलाई पुरस्कार वितरण गरिएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइराला, सन्धिखर्क नगरपालिकाका नगर प्रमुख कृष्ण प्रसाद श्रेष्ठ, सहायक प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्या लगायत कार्यालय प्रमुख तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो । त्यस्तै मुख्यमन्त्री आचार्यले शनिबार भूमिकास्थान नगरपालिकाको निरीक्षण गरेका थिए ।

# जुम्लाबाट सुर्खेत आउँदै गरेको गाडी दुर्घटना, ८ जना घाइते

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २२ भदौ

कर्णाली राजमार्गमा फोर्स गाडी दुर्घटना हुँदा ८ जना घाइते भएका छन् । जुम्लाको सिँजादेखि सुर्खेततर्फ आउँदै गरेको कर्णाली प्रदेश ०२००१ ख ००९८ नम्बरको फोर्स गाडी शनिबार दिउँसो साढे २ बजेको समयमा कालिकोटको तिलागुफा-५ खल्लागाडमा दुर्घटना हुँदा ८ जना घाइते भएका हुन् । जिल्ला प्रहरी कार्यालय कालिकोटका अनुसार घाइतेहरुमध्ये ५ जनाको अवस्था गम्भीर र ३ को अवस्था जना सामान्य रहेका छन् ।

१४ सवार गाडी अनियन्त्रित भइ सडकमै पल्टिएको प्रहरीले जनाएको छ । घाइते हुनेहरुमा जुम्लाको सिंजा-३ का ५२ वर्षीय धनमाने सार्की, वर्ष ६० का मनजिते सार्की वर्ष ६५ का जर्म सुनार, वर्ष ६४ का जोरे सार्की, वर्ष ५७ को परिदत्त शर्मा वर्ष ६४ की मनकन्या चौला रहेको जिल्ला प्रहरी कार्यालय कालिकोटका सूचना अधिकारी गोविन्द चौधरीले बताए । यस्तै जुम्ला कनकासुन्दरी ६ बस्ने वर्ष ३९ का कर्ण भण्डारी, कालीकोटको तिलागुफाका वर्ष २९ का तिलप्रसाद न्यौपाने पनि घाइते भएको उनले बताए ।

घाइतेहरुको राचुली नगर अस्पतालमा प्राथमिक उपचारपछि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला पठाइएको छ । गाडी चालकलाई नियन्त्रणमा लिएर घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# एनआरएनए मलेसियाको अध्यक्षमा महतो

**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, २२ भदौ

गैरआवासीय नेपाली संघ मलेसिया, राष्ट्रिय समन्वय परिषद्का नवनियुक्त अध्यक्ष राकेश प्रसाद महतोले पदबहाली गरेका छन् । गत वर्ष जुलाई २०२३ मा सम्पन्न संघको अधिवेशनमा सर्वसम्मत नेतृत्व चयन गर्ने क्रममा सन् २०२३-२५ कार्यकालका लागि अघिल्लो १ वर्ष थापा र पछिल्लो १ वर्ष महतो अध्यक्ष हुने आन्तरिक सहमति भएको थियो ।

सोही सहमतिअनुसार थापाले राजिनामा दिएपछि बाँकी कार्यकालका लागि कार्यसमितिले महतोलाई अध्यक्षमा चयन गरेको हो । शनिबार एसिया प्यासिफिक संयोजक हरि भट्टराईको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यसमिति बैठकले थापाको राजीनामा स्वीकृत गर्दै महतोलाई अध्यक्षमा चयन गरेको हो ।

महतोलाई एनआरएनए एसिया प्यासिफिक संयोजक हरि





भट्टराईले शपथ ग्रहण गराएका छन् । नवनियुक्त अध्यक्ष महतोले गैरआवासीय नेपाली अभियानलाई अझ सशक्त बनाउनुका साथै मलेसियामा रहेका नेपाली श्रमिकमहरुको हकहित तथा सुरक्षाका लागि काम गर्ने बताएका छन् । तत्कालीन प्रमुख निर्वाचन अधिकृत खगेन्द्र न्यौपानेले सहमतिपत्र हस्तान्तरण गरेपछि कार्यसमितिको बहुमतले निर्णय गरेर महतोलाई अध्यक्ष बनाएको हो ।

# टोखामा १८औं हप्ताको विष्णुमती सफाइ अभियान सम्पन्न

**काठमाडौं/मस–** टोखा नगरपालिकाले जनश्रमदानका १८ औं हप्ताको विष्णुमती सफाइ अभियान सम्पन्न गरेको छ ।

शनिबार बिहान १८औं हप्ताको सफाइ मनोहरतिर्थ धामदेखि इन्द्रेणी पुल जाने सडक, साङ्ले खोला र ड्रेन सफाइ गरेको छ ।

कार्यक्रममा नगर प्रमुख प्रकाश अधिकारी, वडा ८ र ११ का जनप्रतिनिधिहरु, नगर प्रहरी, सशस्त्र प्रहरी, लायन्स क्लब अफ काठमाडौं शुभारम्भ र स्थानीय सामाजिक अभियन्ताहरु, फोहोर संकलन केन्द्रका ८ ओटै समुहका प्रतिनिधिहरु, कल्लता साहित्यिक टिम, पूर्व जनप्रतिनिधिहरु, भूतपूर्व प्रहरी संगठन लगायत स्थानीयहरुको सहभागिता रहेको थियो । सफाइ कार्यक्रममा



साङ्ले खोला करिडोरमा मिचिएका सार्वजनिक जग्गा छुट्याइ पार्क बनाइ खुला राख्न नगरपालिकासँग अनुरोध गरेको थियो । टोखा नगरपालिकाले २५औं हप्ताको सफाइ कार्यक्रम विशेष ढंगले मनाउने तयारी गरेको नगर प्रमुखले बताएका छन् । निरन्तर सफाइमा जोडिनेहरुलाई सम्मान गर्न लागेको छ ।

**कुवेतमा रोजगार** | कम्पनी : WIYAK CONSUMABLES DELIVERY CO. W.L.L.
शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०३/२१ चलानी नं.: ६०२२४९०५ LT. No.: 310277

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nepali Light Driver | 60 | 0 | स. काममा दक्ष | 150 | ६५,८३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ३०, ३१ र असोज १ गते (15, 16 & 17 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने स्वाद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

EAGLE MANPOWER CONSULTANT PVT. LTD.
वैदेशिक यात्राको भरपर्दो साथी
Eagle Manpower Consultant
License No.: 1606/079/080
Head Office Location : Chakrapath, Kathmandu, Nepal
Head Office. : 01-5912955 Pokhara Branch : 061-591567,Butwal Branch: 071-533111
marketing@eaglemanpower.com.np www.eaglemanpower.com.np

**नेपाल...**

भन्ने लागेको छ’ प्रधानमन्त्री ओलीले भने । प्रतिवेदन बुझेपछि दुवै मुलुकका बीचमा थाती रहेका विषयमा छलफल गर्न सहज हुने प्रधानमन्त्री ओलीको विश्वास छ। भारत र नेपालबीच जनस्तर र सांस्कृतिक सम्बन्ध रहेको उल्लेख गर्दै उनले राजनीतिक रुपमा विवाद कायम राख्न नहुनेमा जोड दिए ।

‘भारत उन्नत संस्कृति भएको छिमेकी मित्र हो। हामीले खुलस्त रूपमा छिमेकीसँग कुरा गर्नुपर्छ । खुल्ला कुरा राख्न नसकेर भूराजनीतिको टाउकामा दोष थोपर्न मिल्दैन । सत्ता प्राप्त गर्न र टिकाउन हामीले जे पनि गर्नु हुँदैन’ प्रधानमन्त्री ओलीले भने । भूराजनीति शब्दलाई आफ्ना स्वार्थी कामको ढाकछोपका लागि प्रयोग गर्न नहुनेमा पनि उनको जोड छ ।

जनस्तरमा बलियो सम्बन्ध रहेको छिमेकी मुलुक भारतसँग नेपालको सीमाका विषयलाई लिएर लामो समयदेखि विवाद छ । समाधानका लागि अनेकन संयन्त्र बनेका छन् । सुझाव दिइएका छन् । तिनको सही कार्यान्वयन नहुँदा दुई देशबीच राजनीतिक सम्बन्धमा प्रश्न उठ्ने गरेको हो । यसका लागि कुनै पनि देशले आफ्ना राष्ट्रिय हितलाई तर्कपूर्ण र न्यायोचितरुपमा प्रस्तुत गर्नुपपर्नेमा प्रधानमन्त्री ओलीको जोड छ। संविधानविद् डा. विपिन अधिकारी पनि नेपाल-भारतले ईपीजी प्रतिवेदन अघि बढाउन ढिलाइ गर्न नहुने बताउँछन् । ‘नेपाल र भारतीबिचको अनइक्वायल रिलेसन छ । हो, त्यसलाई सम्बोधन गर्नैपर्छ’ उनी थप्छन्, ‘ईपीजीको कुरा छ । यसलाई टुंग्याउनु पर्छ र वाटरलाई जियोपोलिटिकल टुलका रूपमा प्रयोग गर्नु हुँदैन । अब यति कुरा भयो भने हाम्रो सम्बन्धमा देखिएका इरिटेशनहरु बाँकी रहँदैन । यो त चुट्की बजाएर सबै समाधान हुन्छन् ।’

**अध्यक्ष...**

स्वीकार गरेनन् । नेपाली कांग्रेसबाट विद्रोह गरेर मधेस आन्दोलन चलिरहेकै बेला ठाकुरले २०६४ वैशाख १० गते तमलोपा गठन गरेका थिए । अध्यक्ष ठाकुरले उपेन्द्र यादवजस्तै विभिन्न दलसँग एकीकरण गर्दै, विधान फेर्दै आइरहेका छन् । २०७१ मा तत्कालीन तमलोपाको महाधिवेशन नवलपरासीमा भएको थियो । महाधिवेशनपछि २०७२ मा मधेस आन्दोलन सुरु भयो । मधेस आन्दोलनपछि २०७४ मा विभिन्न पार्टी मिलेर राजपा बन्यो । त्यसपछि २०७७ मा समाजवादी पार्टीसँग एकीकरण गरेर जसपा बनेको थियो। २०७८ मा विभाजन भएर लोसपा बनेको हो ।

२०७४ वैशाख ७ गते महेन्द्रराय यादव नेतृत्वको तत्कालीन तराई मधेस सद्भावना पार्टी, शरतसिंह भण्डारी नेतृत्वको तत्कालीन राष्ट्रिय मधेस समाजवादी पार्टी, राजेन्द्र महतो नेतृत्वको तत्कालीन सद्भावना पार्टी, राजकिशोर यादव नेतृत्वको तत्कालीन मधेसी जनअधिकार फोरम नेपाल र अनिल झा नेतृत्वको तत्कालीन संघीय सद्भावना पार्टीबिच एकीकरण भइ राष्ट्रिय जनता पार्टी नेपाल गठन भएको थियो ।

सो पार्टीमा महन्थ ठाकुर, राजेन्द्र महतो, शरतसिंह भण्डारी, अनिलकुमार झा, राजकिशोर यादव र महेन्द्र राय यादवसहितको एउटा अध्यक्षमण्डल बनाइएको थियो। तर, यी नेताहरू अहिले फरक-फरक दलमा रहेका छन् ।

**नेतृत्वको ...**

असार ७ गते भएको थियो । स्थापनाको पाँच महिनापछि भएको प्रतिनिधि सभा सदस्यको चुनावमा भाग लिएको थियो । जन्मिएको पाँच महिनामै रास्वपा प्रतिनिधि सभामा चौथो दलको रुपमा उदाएको थियो । उपसभापति अर्याल यसबीचमा सरकारमा गएर गरेको कामका आधारमा समेत नेतृत्वमाथि घेराबन्दी भएको बताउँछन् । ‘सरकारमा गएर देखायौं । त्यसपछि थाहा भयो सबैलाई यिनीहरू साँच्चै नै केही गर्न आएका रहेछन् । भ्रष्टाचारको अन्त्य गर्ने नै भए जस्तो छ यिनीहरूले त्यस कारण राजनीतिलाई ज-जसले पेसा बनाएर बसेका थिए ती पेसा बनाएर बस्नेहरू आत्तिने अवस्थाले गर्दा कहिलेलाई नेतृत्वलाई लखेटेजस्तो गरेका हुन्’ उपसभापति अर्यालले भने ।

रास्वपाका नेताहरूले भ्रष्टाचार गर्‍यो भने भ्रष्टाचार गरेको हो भन्ने प्रमाणित हुनुपर्नेमा उनको जोड रहेको छ । उनले रवि झैँ नेता बन्नका लागि आचारसंहिताको पालना गर्नुपर्ने भन्दै सबैलाई आचारसंहिता पालना गरी संगठन निर्माणमा लाग्न आग्रह गरे। उपसभापति अर्यालले आफूहरू पार्टी स्थापना गर्दाको सङ्कल्पबाट विचलित नभएको भन्दै पार्टी स्थापनाको उदेश्यमा कायम रहेको बताए । तर, सभापति लामिछानेको सहकारीको रकम अपचलनमा संलग्नता रहेको भनेर आरोप लाग्दै आएको छ । पार्टी सभापति लामिछाने केन्द्रित रहेर सहकारीको संसदीय विशेष छानबिन र प्रहरी अनुसन्धान तिव्र भएपछि रास्वपाका नेता/कार्यकर्ता नेतृत्वको बचाउमा उत्रिएका हुन् ।

**एम्नेष्टीमा...**

र ठूला विमान कम्पनीसँग छलफल गरिरहेको पनि सुवेदीले बताएका छन् ।

केही रोजगारदाताले एम्नेष्टी कार्यक्रममा दक्ष कामदार भर्ना गर्ने अवसरका रूपमा लिएर अध्यागमनमा स्टल खडा गरेर तत्कालै रोजगारी दिने अफर गरिरहेका छन् । यूएईका ठूला कम्पनीले स्वीकृत कोटाका आधारमा रोजगारीमा भर्ना गरिरहेको बताइएको छ। दूतावासले एम्नेष्टी कार्यक्रमको व्यापक प्रचारप्रसार गर्न गैरआवासीय नेपाली संघ, यूएईमा रहेका नेपालीका सामाजिक संघसंस्था तथा सञ्चारकर्मीलाई आग्रह गरेको छ । एम्नेष्टीपछि एकतर्फी यात्रा अनुमतिपत्र पाएकाले १४ दिनभित्र यूएई छोड्नुपर्ने यसअघि नै दूतावासले जनाएको छ ।

**मलेसियाले...**

हटाइ भारतबाट कामदार भर्ना गर्ने कार्य अब थप पारदर्शी, निष्पक्ष र व्यवस्थित हुने मलेसियाका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्। मलेसियाले सेवा क्षेत्र, वृक्षारोपण र कृषिलगायत मलेसियाका ६ वटा महत्वपूर्ण क्षेत्रमा भारतबाट कामदार लैजाने बताएको छ । त्यसमध्ये ८५ हजारभन्दा बढी इन्जिनियरिङ र प्राविधिक क्षेत्रमा रहेका छन्। मलेसियाली कम्पनीले बढ्दो साइबर सुरक्षा खतराको सामना गर्न भारतबाट प्राविधिक जनशक्ति लैजान खोजेको बताइएको छ ।

## Mahawai Rural Municipality
## Office of the Rural Municipal Executive
**Padamghat, Kalikot**

### Invitation for Seal Quotation

**Contract id:- MRM/KKT/SQ/MPFMRM/01/2081/82**
**First Date of Publication: 2081/05/23**

1. Mahawai Rural Municipality Office of the Rural Municipal executive Padamghat, Kalikot invites sealed Quotation from registered Firm to supply and deliver of medicine and surgical items .Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Quotation Documents.
2. Eligible suppliers may obtain further information and inspect the bidding documents at www.bolpatra.gov.np
   Information to deposite The cost of Bidding Document
   Office Code no :- 801066508
   Name of Bank :- Agricultural Development Bank Ltd.
   Name of Office :- Mahawai Rural Municipality Office ,Padamghat.
   Internal Revenue Account No :- 0726101704190018.
3. Seal Quatation must be submitted online through www.bolpatra.gov.np only through before 2081/06/07 12:00 PM Documents received after this deadline shall not be accepted.
4. Quotation will be opened in the presence of suppliers representatives who choose to attend at Office of the Rural Municipal executive Padamghat on 2081/06/07 1:00 PM . Quotation must be valid for a period of 15 days after quotation opening and must be accompanied by bid security, amounting to a Described in CDT Table which shall be valid for 45 days beyond the bid validity period.
5. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account and submit bank deposit voucher along with the bid.
   Information to deposite the bid Securiity.
   Name of Bank : Agricultural Development Bank Ltd.
   Name of Office : Mahawai Rural Municipality Office, Padamghat.
   Deposite Account No : 0726101704190042
6. If the last date of purchasing and /or submission falls on a government holiday then the next working day shall be considered as the last date in such case the validity period of the bid security shall remain the same as specified for the orginal last date of bid submittion.
7. CDT Suppliers must transportation up to office of mahawai RM office.

| Sn. | Contract Id | Description of Work (Fabrication Package) | Estimated Amount, NRs (including VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee | Last date of submition |
|---|---|---|---|---|---|---|
| 1. | MRM/KKT/SQ/ MPFMRM/01/2081/82 | Supply and delivery of medicines and surgical items. | 12,54,000/- | 25,000 | 1000.00 | 2081/06/07 12 :00 PM |

8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Office**

सुत्केरी महिला मृत्यु प्रकरण

# दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिने सहमति

**ओमप्रकाश यादव/मध्यान्ह**
रौतहट, २२ भदौ

रौतहटको गरुडा नगरपालिका-५ शिवनगर बर्थिङ सेन्टरमा मृत्यु भएकी सुत्केरी महिलाको परिवारलाई क्षतिपूर्तिदिने सहमति भएको छ। महिलाको मृत्यु भएको घटनामा दोषी चिकित्सकलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिने सहमति भएको हो ।

इलाका प्रहरी कार्यालय गरुडामा गएराति भएको दुईपक्षीय छलफलमा पीडित परिवारलाई राहतस्वरूप तत्काल दुई लाख सहयोग गर्ने, घटनाको छानबिन गर्न सर्वदलीय कमिटी गठन गर्ने र अस्पतालमा तोडफोड गर्नेलाई कारबाही गर्ने सहमति भएको छ ।

छलफलमा सहभागी गरुडा नगरपालिकाका मेयर कन्थमनि प्रसाद कल्वारले पीडित परिवारलाई तत्कालको लागि राहतस्वरुप पालिकाको तर्फबाट दुई लाख उप्लब्ध गराउने प्रतिबद्धता जनाएका छन् ।

दुबै पक्षबीच सहमति भएलगत्तै पीडित परिवार र उनका आफन्तले अबरुद्ध शिवनगर स्थित गौर चन्द्रनिगाहपुर सडक खुलाएका छन् ।

पीडित र स्थानीय सरकारबीच भएको सहमतिअनुसार गएराति ११ बजे शिवनगर स्थित अबरुद्ध सडक खुलाएर मृतक महिलाको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाइएको इलाका



प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले बताएका छन् ।

दुईपक्षीय छलफलमा गरुडाका मेयर कन्थमणि प्रसाद जयस्वाल, नेकपा एसका नेता ब्रिज किशोर यादव, जसपा नेपालका नेता अनिल कुमार यादव, नेपाली कांग्रेसका नेता सुनिल कुमार यादव, रौतहटका सहायक प्रमुख जिल्ला अधिकारी रामनरेश राय यादव, रौतहटका प्रहरी प्रमुख एसपी दिलीप घिमिरे, सशस्त्र प्रहरी प्रमुख एसपी बिक्रम हुमागाईं, वडा अध्यक्ष रामबाबु चौधरीलगायत पीडित परिवारका प्रतिनिधिको सहभागिता रहेको थियो ।

गएको बिहीबार साँझ सुत्केरी गराउन शिवनगर स्थित प्रसुती गृहमा गएकी गरुडा नगरपालिका- ५ शिवनगरका अरबिन्द साह सोनारको श्रीमती वर्ष २२ की रमिता देवीको अत्याधिक रक्तस्राव भएर मृत्यु भएको थियो ।

सुत्केरी बेथा लागेपछि घरका सदस्यहरुले उक्त अस्पतालमा लैजादा रमिताले नर्मल अवस्थामा नै बच्चा जन्माएकी थिइन । तर बच्चा जन्माउने बित्तिकै अत्याधिक मात्रामा रगत बग्न थालेपछि थप उपचारका लागि वीरगञ्ज लैजाँदै गर्दा चिकित्सकले उनलाई शुक्रवार बिहान मृत घोषणा गरेका थिए ।

चिकित्सकको चरम लापरबाहीले महिलाको मृत्यु भएको पीडित परिवारले आरोप लगाएका थिए । उपचारमा चिकित्सकले गम्भीर लापरबाही गरेका कारण रगत बगेर रमिताको मृत्यु भएको भन्दै आक्रोशित पीडित परिवारले शुक्रबार दिनभरी अस्पताल अगाडि प्रदर्शन गर्दै अस्पतालमा तोडफोड समेत गरेका थिए ।उपचारमा लापरबाही गर्ने चिकित्सकलाई कारबाही र उचित क्षतिपुर्तीको माग गर्दै पीडित परिवार र उनका आफन्तहरुले शुक्रवार दिन भरी स्वास्थ्य चौकी शिवनगरअगाडि शव राखेर प्रदर्शन गरेका थिए ।

प्रदर्शनपछि शुक्रवार दिनभर शिवनगरको अवस्था निकै तनावग्रस्त बनेको थियो । अस्पतालमा क्षति हुन नदिन हिजो दिनभरी नेपाल र शसस्त्र प्रहरी ठूलो संख्यामा परिचालन गरिएको थियो ।तर दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्तिदिने सहमति भएपछि पीडित परिवार र आफन्तहरुले राती ११ बजेदेखि नै आन्दोलनका सम्पूर्ण कार्यक्रम फिर्ता लिएसंगै आज विहानदेखि शिवनगरको अवस्था सामान्य बनेको छ । एक महिनाअघि पनि चिकित्सककै लापरबाहीले शिवनगर बर्थिङ सेन्टरमा सुत्केरी गराउन गएकी गरुडा नगरपालिका-३ मलाही टोलकी एक महिलाको अत्याधिक रक्तस्राव भएकै कारण मृत्यु भएको थियो ।

एक महिना भित्रमा सो अस्पतालमा दुई जना सुत्केरी महिलाको ज्यान गएपछि स्थानीयहरु सो अस्पतालका चिकित्सकमाथि निकै आक्रोशित भएका छन् ।

# गंगादेव गाउँपालिकाको नाम र केन्द्र परिवर्तन

**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, २२ भदौ

रोल्पाको गंगादेव गाउँपालिकाको नाम र केन्द्र फेरिएको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले गंगादेव गाउँपालिकाको नाम फेरेर सुकिदह गाउँपालिका राख्ने निर्णय गरेको हो ।




गाउँपालिकाको केन्द्र पनि परिवर्तन भएको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए । गाउँपालिकाको केन्द्र हाल ५ नम्बर वडाको सानडाँडामा रहेकोमा अब वडा नम्बर २ को सुखाओडार (जिनावाङ) रहने भएको छ ।

८ वैशाख २०८० को गाउँ सभाले गाउँपालिकाको नाम परिवर्तन गरी सुकिदह गाउँपालिका नामाकरण गर्ने र गाउँपालिकाको केन्द्र सुखाओडार (जिनावाङ) रहने गरी सिफारिस गर्ने निर्णय गरेको थियो । असोज २०८० मै लुम्बिनी प्रदेश सरकारले गाउँपालिकाको नाम र केन्द्र फेर्ने प्रस्ताव संघीय सरकारलाई पठाउने निर्णय गरेको थियो । २०७२ मा गाउँपालिका कायम हुँदा गंगादेव गाउँपालिकाको नाम सुहिदह नै थियो । २०७४ मा नेकपा माओवादी केन्द्रले जितेपछि शहीदको नाम भन्दै गंगादेव गाउँपालिका कायम गरिएको थियो । सुखाओडारबाट सानडाँडामा केन्द्र सारिएको थियो ।

आफ्नै श्रीमती र आफन्तको नाममा पालिकाको नाम राखेको भन्दै गाउँपालिकाका तत्कालीन अध्यक्ष वीरबहादुर खत्रीको आलोचना भएको थियो । विरोधकै बीचमा २०७९ मा भएको स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसले जितेसँगै नाम फेर्ने प्रक्रिया शुरु भएको थियो । गाउँ कार्यपालिकाको निर्णय १७ असार २०८० मा बसेको कार्यपालिकाको बैठकले पालिकाको नाम 'सुकिदह' नै कायम गर्ने निर्णय बहुमतले पारित गरेको थियो । गंगादेव गाउँपालिकाको नाम परिवर्तन गरी सुकिदह गाउँपालिका बनाउन गाउँसभामा पेश गर्ने निर्णय भएको र रोल्पाको गंगादेव गाउँपालिकाको गाउँसभा ३१ असार २०८० मा भएको गाउँपालिका अध्यक्ष हरि बहादुर पुनमगरले जानकारी दिएका थिए ।

अध्यक्ष पुनले गाउँपालिकाको नाम परिवर्तन गर्ने आफ्नो चुनावी घोषणा प्रतिबद्धतामा भएको र सोही अनुसार आफूहरू अगाडि बढेको बताएका थिए। १७ असार २०८० को गाउँ कार्यपालिकाको बैठकले प्रस्ताब टेबुल गरेको र ३१ असार २०८० मा गाउँसभामा निर्णय सार्वजनिक गरी आमभेलालाई सम्बोधन गर्ने गरी पालिकाको नाम सुकिदहलाई मन्त्रीपरिषद्सम्म फ्लोअफ गर्ने समेत अध्यक्ष पुनले उद्घोष गरेका थिए ।

# मोना कतारको आयोजनमा 'रमाइलो तिज कार्यक्रम' सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २२ भदौ

सन् २००३ मा कतारमा स्थापित म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारको आयोजनमा रमाइलो तिज कार्यक्रम-२०२४ सम्पन्न भएको छ । कतारदेखि गृह जिल्लासम्म सामाजिक क्षेत्रमा सक्रिय रहेको मोनाले विगत ३ वर्षदेखि हरितालिका तिजको अवसर पारेर रमाइलो तिज कार्यक्रम आयोजना गर्दै आएको छ । मोनाले यसपटक म्याग्देली भेला, सम्मान तथा तेस्रो रमाइलो तिज कार्यक्रम -२०२४ संघका अध्यक्ष राजु पौडेलको सभापतित्व तथा म्याग्दी प्रवासी नेपाली संघ (मोना), अन्तर्राष्ट्रिय कार्यकारी समितिका कोषाध्यक्ष नरेन्द्र फगामीको प्रमुख आतिथ्यतामा सम्पन्न गरेको हो ।

कार्यक्रमलाई विधिवतरूपमा ब्यानर अनावरण, दीप प्रज्वलन, राष्ट्रिय गानसहित अगाडि बढाइएको थियो । शुक्रबार प्लाजा मलमा रहेको सेन्चुरी रेस्टुरेन्टको सभा हलमा सम्पन्न कार्यक्रमका लागि सांगीतिक प्रस्तुति दिन नेपालबाट कतारसम्म आएकी म्याग्देली चेली तथा राष्ट्रिय ख्याति प्राप्त लोक तथा दोहोरी गायिका निरुता पुनले धमाका मच्चाइन् । उनले आफू जीवनमा पहिलो पटक सांगीतिक प्रस्तुति दिन कतार आएको बताउँदै आयोजकप्रति आभार व्यक्त गरिन् । पुनले तिज गीत 'हेर न मै राम्रो छैन र', 'सालैजो', 'घुम्ती घुम्ती



रोड'लगायत आधा दर्जन गीतहरू गाइन् । कतारमा रहेकी म्याग्देली थाली नृत्यङ्गना यमुना पटेल, सृजना घताने, यजु सेवाले आफ्ना नृत्य पेस गरे । देवी कँडेल र पटेलले दिदी भाइको कथामा आधारित रहेर तिज गीतमा पेस गरेको गीति नाटक आकर्षणको केन्द्र बनेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि फगामीले कतारमा रहेका सबैलाई आफ्नो श्रम स्वीकृति जाँच गर्न तथा समयावधि सकिएको र नवीकरण गर्न असहज भएमा आफूलाई सम्पर्क गर्न अनुरोध गरे । उनले प्रवासमा हुन सक्ने भवितव्यप्रति लक्षित गर्दै श्रम र बीमा श्रमिकका लागि अति महत्वपूर्ण रहेको बताए ।

कार्यक्रममा मोना कतारको संरक्षकत्वमा स्थापित मोना कतार बहुउद्देश्यीय अक्षयकोषको आजीवन र संरक्षक सदस्यता प्रमाण पत्र वितरण समेत गरिएको थियो । आफ्नो शुभकामना मन्तव्य राख्दै कोषका अध्यक्ष विक्रम कार्कीले कोषको आजीवन र संरक्षक सदस्यता खुला रहेको बताउँदै अक्षयकोषमा आबद्ध भइ अक्षयकोषसँगै हातेमालो गरी सामाजिक कार्यमा पाइला बढाउन अनुरोध गरेका थिए । विशेषगरी कतारमा रहेका म्याग्देली चेलीबेटीहरूलाई समेटेर आयोजना गरिएको कार्यक्रममा समिति, संस्था तथा व्यक्तिहरूलाई निमन्त्रणा गरिएको थियो ।


महिला विभाग संयोजक टिका माया रोकाले स्वागत मन्तव्य राखेको कार्यक्रमको समापन गर्दै सभापति पौडेलले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैमा आभार व्यक्त गरे । संस्थामा प्रत्यक्ष जोडिन नसके पनि संस्थाको फेसबुकमा जोडिन आग्रह गर्दै उनले हरेक दुःखमा मोना कतार सदैव साथ रहने बताए ।

कार्यक्रम अक्षयकोष र महिला विभागको आयोजना तथा मोना कतारको सांस्कृतिक विभाग र खेलकुद विभागको सह-आयोजनमा सम्पन्न भएको हो । सो अवसरमा नेपालबाट आमन्त्रित गायिका पुनलाई दोसल्ला ओढाएर मायाको चिनोसहित सम्मान पत्रले सम्मान गरिएको थियो भने मोना कतारका खेलाडीहरूलाई खादा र कार्यक्रममा प्रस्तुति दिने अन्य कलाकारलाई नगद पारिश्रमिकसहित सम्मान गरिएको थियो ।

# 'संविधान कार्यान्वयनको समीक्षा गर्नुपर्ने समय भयो'

**लेखनाथ सिकारु/मध्यान्ह**
कठमाडौं, २२ भदौ

राज्यका निर्देशक सिद्धान्त र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याकंन समितिका सभापति ठाकुर प्रसाद गैरेले संविधानको कार्यान्वयनको समीक्षा गर्नुपर्ने समय भएको बताएका छन्। पाल्पा जिल्ला संघीय निर्वाचन क्षेत्र - २ बाट निर्वाचित संघीय संसद्को दुवै सभा राष्ट्रिय सभा र प्रतिनिधि सभा अन्तर्गतको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन र मुल्यांकन समितिका सभापति समेत रहेका सांसद् गैरेले संविधान समय सापेक्ष परिवर्तन हुने दस्तावेज भएको भन्दै नेपालको संविधान र यसको कार्यान्वयनको १० वर्षको समीक्षा गर्ने बेला भएको बताए ।



संविधानको कार्यान्वयनको चरणमा कहाँ कमी कमजोरी रह्यो ?, राम्रा कामको समीक्षा र संस्थागत गर्दै उपलब्धिहरुको रक्षा गर्नु र आवश्यक भए संशोधनको प्रकृयामा लैजाने बेला भएको भन्दै उनले यसलाई सबल र समृद्ध बनाउन के गर्ने भन्ने सवाल महत्वपूर्ण भएको बताए । संसदमा भएका सबै दल बाहिरका विभिन्न क्षेत्र र समुह संविधान निर्माणमा योगदान पुऱ्याउने आम नागरिक समाज मिडिया क्षेत्र र सरोकारवाला जनसमुदाय यसका प्रत्यक्ष लाभान्वित वर्ग र समुदाय भएकोले नीतिहरुको उपस्थितिमा यसको समीक्षा गर्नुपर्नेमा जोड दिए ।

संविधानको मर्म र भावना अनुरूप नेता र जनप्रतिनिधिले कति लाभ प्राप्त गरे भन्दा पनि नेपालको स्वाधीनता भौगोलिक अखण्डता स्वाभिमानलाई श्रीवृद्धि गर्ने विषयलाई हामीले कति उपलब्धि हासिल गर्‍यौं ?, लक्षित वर्गहरू कति लाभान्वित हुने स्थिति बन्यो, त्यसलाई आधार बनाएर अघि बढ्नुपर्ने उनको भनाइ थियो । देश र जनताको हितमा संविधानको कार्यान्वयन कति परिणाममुखी बन्यो त्यहाँबाट पनि यसको जजमेन्ट गर्नु आवश्यक भएको उनको तर्क छ ।

'खास गरी तीनै तहको सरकार, शासन प्रणाली र शासकीय स्वरूपको आधारमा तिनका कार्यक्षेत्रहरु र जिम्मेवारी निर्धारण, सरकारको काम कर्तव्य र अधिकारसहित भूमिका संविधानको कार्यान्वयनसँग जोडिएको हुन्छ, तत्-तत् जिम्मेवारी र दायीत्व पुरा भएकी भएनन् या गरिएकी गरिएनन् ? संविधानको भाग ४ अन्तर्गत मुल्याङ्कन गर्नुपर्ने हुन्छ ती सबै सवालहरु यो समितिले अनुगमन र मूल्याङ्कन गरी संविधानको कार्यान्वनयसँग सम्बन्धित विषयहरु समितिमार्फत अघि बढ्नुपर्ने हुन्छन्,' उनी भन्छन् ।

नेपालको संविधानको भाग ४ मा ४ वटा राज्यका निर्देशक सिद्धान्तहरु १३ वटा नीतिहरू र एउटा दायित्वको किटानी व्यवस्था गरिएको छ । ति विषयहरू पुरा भएकी भएन राज्यका मन्त्रालय र सबै अंगहरूमा संविधान बमोजिम त्यसमा निर्दिष्ट भएका प्रावधानहरूलाई लागू गरियो कि गरिएनन् भन्ने कुरा पनि हेर्नु जरुरी भएको सभापति गैरेको भनाइ छ ।

समितिले ति विषय वस्तुहरूलाई व्यवस्थित रुपमा ति सवालहरुको कहाँ समस्या छन् ?, कहाँ सुधार सुझाव आवश्यक छ, त्यसको अध्ययन अनुगमन गर्नुपर्ने तीनको कार्यान्वयन हुने स्थिति निर्माण गर्नुपर्ने र त्यसमा भएका समस्याको अनगमन मूल्यांकन गर्दै योजना निर्माण तहमा लैजानुपर्ने दायित्व हुने गैरेको भनाइ छ ।

समितिले पटक-पटकको छलफल र परामर्शपछि वार्षिक कार्ययोजना तय गरी अघि बढेको भन्दै योजना आयोग सरकार र संसद्को समिति बीचको तालमेल नभएको अवस्थामा यसलाई व्यवस्थित गर्ने उद्देश्यका साथ पटक-पटक समन्वय बैठक मार्फत अघि बढेको उनको भनाइ छ ।

अब चाँडै राष्ट्रिय वित्त आयोग र नीति अध्ययन प्रतिष्ठानसँग छलफल गरेर वार्षिक योजना पास गर्ने गरी कार्ययोजना तयार गरिएको भन्दै वार्षिक क्यालेन्डर निर्माणका साथ त्यसका आधारमा अघि बढ्ने गरी छलफल भएको बताए ।

उनले बैठक सञ्चालन सम्बन्धि कार्यविधि पास गरी समितिका सदस्यहरुलाई एक वर्षको कार्ययोजना वमोजिम काम गर्न साथै राष्ट्रिय योजना आयोगसँग छलफल गरी अघि बढेको बताए । नीति कार्यक्रम र बजेट बनाउने बेलामा संसदमा हंगामा हुने गरेका घटनाहरुको सम्झना गर्दै सभापति गैरेले संसद्लाई साझा जिम्मेवारी र दायित्वको बोध गर्ने थलोको रुपमा विकास गर्न आफ्नो क्षेत्रबाट पहल गर्ने बताए ।

# जनतालाई केन्द्रबिन्दुमा राखेर सेवा प्रवाह गर्नुपर्नेमा जोड

**नेपालगन्ज/मस–** जनतालाई केन्द्रबिन्दुमा राखेर सेवा प्रवाह गर्नुपर्ने निजामती सेवामा रहेका उच्च पदस्थ कर्मचारीहरुले यहाँ आयोजित एक कार्यक्रममा बताएका छन् । जिल्ला प्रशासन कार्यालय बाँकेको आयोजना र विभिन्न संघसंस्थाहरुको समन्वयमा सम्पन्न सो कार्यक्रममा प्रमुख अतिथि, अतिथि लगायतका वक्ताहरुले नेपालमा २००७ सालको परिवर्तनपछि २०१३ सालमा तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यले निजामती सेवा ऐन तथा नियमावली जारी गरेर व्यवस्थित रुपमा निजामती सेवाको जग राख्ने काम गरेको बताएका थिए ।

बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालको अध्यक्षतामा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि बाँके जिल्ला अदालतका न्यायाधीश भिष्मराज प्रसाईं थिए। कार्यक्रममा बाँकेस्थित ट्रेड युनियनका पदाधिकारीहरुले संसद्मा विचाराधिन निजामती सेवा ऐन यथाशिघ्र जारी हुनुपर्ने, कर्मचारीहरुलाई दैनिक आवश्यकता धान्न पुग्ने खालको सेवा सुविधा दिनुपर्ने, उचित दण्ड पुरस्कार, नियमित वृत्ति विकास, पूर्वानुमानयोग्य सरुवा प्रणालीको व्यवस्था हुनुपर्ने, तीनै तहका सरकारले कानूनसम्मत चल्ने कर्मचारीतन्त्रमा अनुचित हस्तक्षेप गर्न नहुने जस्ता धारणा राखेका थिए ।

शनिबार बिहान जिल्ला प्रशासन कार्यालय बाँकेको हातामा जम्मा भएका कर्मचारीहरुले 'व्यवसायिक र सिर्जनशील प्रशासन विकास, समृद्धि र सुशासन' नारा लेखिएको व्यानर तथा 'मुस्कानसहितको सेवा नागरिकलाई टेवा', 'प्रविधिको उपयोग गरौं सेवाको लागत घटाऔं,' 'प्रभावकारी सेवा प्रवाहका लागि जनसहभागिता,' 'समन्वय र सहकार्य, लोकतान्त्रिक शासन नागरिकमैत्री प्रशासन', 'जनसेवा हाम्रो प्रतिवद्धता, जनताका लागि प्रशासन, शिष्ट र नम्र व्यवहार सेवाग्राहीको अधिकार,' लगायतका नाराहरु लेखिएका प्ले कार्ड र व्याण्ड बाजासहित प्रभातफेरी गरिएको थियो। कार्यक्रमका बाँकेका प्रमुख कोष नियन्त्रक मोहनशरण भण्डारी, भेरी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.प्रकाश बहादुर थापा, बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी जोरासिंह माझी, भेरी अस्पतालका नर्सिङ प्रशासक दुर्गालक्ष्मी श्रेष्ठ, बाँकेका प्रहरी प्रमुख तुल बहादुर कार्की, सशस्त्र प्रहरी बलका बाँके प्रमुख विमल डाँगी, राष्ट्रिय अनुसन्धानका बाँके प्रमुख ओम बहादुर खड्का लगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन कर्मचरी मिलन केन्द्र बाँकेका अध्यक्ष गोविन्द प्रसाद पाण्डेले गरेका थिए ।

निजामती सेवा दिवसको पूर्व सन्ध्यामा बाँके जिल्लामा भदौ २० र २१ गते सबै सरकारी कार्यालय हातामा सरसफाइ, उत्कृष्ट कर्मचारी पुरस्कृत, फलफूलका बिरुवा वृक्षारोपण गर्नुका साथै पहिलो सेवाग्राही सम्मान लगायतका कार्यक्रम सञ्चालन गरिएको कर्मचारी मिलन केन्द्र बाँकेका अध्यक्ष तथा जिल्ला हुलाक कार्यालय बाँकेका प्रमुख गोविन्द प्रसाद पाण्डेले बताए ।

# सर्लाहीमा गाईले नब्याउँदै दिन थाल्यो दुध

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २२ भदौ

सर्लाहीमा गाईले नब्याउँदै दुध दिन थालेको छ । सर्लाहीको बरहथवा नगरपालिका- १५ पिप्राभित्ताका विष्णुप्रसाद उप्रेतीको गाईले नब्याउँदै दुध दिन थालेको हो । उप्रेतीले बरहथवा-३ स्थित चुडामणिा देवी कृषि फार्ममा पालेका ३ वर्षको मिनिजर्सी गाईले गर्भधारण गरेको ४ महिना मात्र पूरा भएको अर्थात ब्याउनलाई ५ महिना बाँकी रहँदा नै पहिलो बेतमै दुध दिन थालेको छ ।

उप्रेतीले भने, 'बाच्छीलाई कृत्रिम गर्भधारण गराएको ४ महिना मात्र भयो । भदौ ९ गते



दिउँसो १ बजे गोठमा आउँदा बाच्छीको थुनबाट दुध झरेको देख्दा अचम्मित भए । यतिका दिनदेखि थुनबाट दुध त्यतिकै झरेपनि शुक्रबारदेखि दुध दुहन थालेको छु। गाईले बिहान बेलुका एक/एक लिटरका दरले दुध दिने गरेको छ ।'

गाईले नब्याउँदै दुध दिने बिरलै हुने गरेको बताउने पशु चिकित्सक डा. मोहनदेव लेखक हर्मनका कारण यस्ता दुर्लभ घटना हुने बताउँछन् । उनका अनुसार नब्याउँदै गाईले दिएको दुध खाँदा खासै असर नपरे पनि बच्चाहरुको शारीरिक वृद्धिमा भने असर पर्छ । उन्नत जातका गाईका बाच्छीले पहिलो बेतमै प्रोगेस्टोन हर्मन वृद्धिले दुध उत्पादन गर्ने भएको कारण नब्याउँदै दुध दिन थालेको हो । नब्याउँदै गाईले दुध दिन थालेपछि दंग परेका उप्रेती र उनकी श्रीमती सुमित्रादेवी खरेललाई गाई हेर्न आउनेलाई गाईबारे बताउन भ्याइनभ्याइ छ ।

मध्यान्ह
दैनिक
www.madhyanhadaily.com
२३ भदौ २०८१, आइतबार
8 September 2024, Sunday

## सम्पादकीय

# 'प्रकाशहरू'माथि राजनीति

दुई हप्ता यता भोजपुरका प्रकाश तामाङ राष्ट्रिय चर्चामा छन् । उनलाई चिन्ने नेपालीको संख्या असाध्यै ठूलो बनेको छ । विशेषगरी युट्यूब, रिल्स्, टिकटक जस्ता श्रव्य/दृष्य माध्यम मार्फत् उनको चर्चा राष्ट्रब्यापी बनेको छ । नेपाली भाषी पुगेका देशहरूमा प्रकाश चिनिएका छन् । प्रधानमन्त्री केपी शर्मा ओली आफैले चासोका साथ भेटेका छन् । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सहयोगको बचन दिएका छन् । उनी साढे तीन दशक बढी बसेका गोरखाको च्यमनुब्री गाउँपालिकाले सहयोग रकम घोषणा गरेको छ । पालिका उपप्रमुखले माला लगाएरै प्रकाशलाई भोजपुर घर फर्कन विदाइ गरेकी थिइन् । भोजपुरका सांसद् र पूर्वमन्त्रीहरूले आर्थिक सहयोगको घोषणा गरेका छन् । देशविदेशबाट प्रकाशलाई सहयोगको बचन दिने संख्या बढिरहेको छ ।

सहयोग घोषणाको होड चल्नु, प्रधानमन्त्री आफैले भेट्ने चाहना राख्नु र आमसाधरणको मन छनुमा प्रकाशको कथाले काम गरेको छ । उनी साढे तीन दशक बढी समय घरपरिवारबाट हराएका थिए । झापाबाट आफन्तको साथमा काठमाडौ आएका प्रकाश सम्पर्क विहीन भएका थिए । उनलाई भेट्नेले उत्तरी गोरखा चुम भ्याली लगे । चुम भ्याली देशका अरू भूगोल भन्दा टाढा थियो, सजिलै सम्पर्क हुन सक्थेन । त्यसैले लगभग जीन्दगी प्रकाशले चुम भ्यालीमै बिताएका थिए । तर 'हेर्ने कथा' कार्यक्रम मार्फत् उनी परिवारको सम्पर्कसम्म पुगे । चुम भ्यालीबाट परिवारको सम्पर्कमा साढे तीन दशकपछि भेट्दाको दृष्य कथामार्फत् सार्वजनिक भएको थियो । त्यही कथाले तानेर अहिले प्रकाश देशविदेशमा चिनिएका छन्, एक दयाका पात्रका रूपमा ।

उनप्रतिको दयाभाव एकप्रकारले राजनीतिमै बदलिएको सहज अनुमान लगाउन सकिन्छ । त्यसैले प्रकाशलाई गरिएको सहयोग सामाजिक सञ्जालमार्फत् प्रत्यक्ष प्रशासनको होड देखिन्छ । जबकी प्रकाश जस्ता अरू प्रकाशहरूको अवस्था बदल्न सरकारले नीतिगत पहलकदमी लिनुपर्ने हो । रोजगारीको खोजीमा प्रकाश काठमाडौं आएर हराएका थिए । अहिलेका प्रकाशहरू संसारका विभिन्न देश पुगेर अलपत्र परिरहेका छन् । तर उनीहरूको कथा सार्वजनिक भएको छैन । अलपत्र परेकाहरू समाचारको सानो अंशमा सीमित छन् । सरकारले खोजी गर्नुपर्ने, सहजीकरण गर्नुपर्ने त्यस्ता प्रकाशहरूको हो । विशेषगरी निरपेक्ष गरिबीको रेखामुनि रहेका ६० लाख नेपालीको जीवन बदल्ने संकल्प र कार्यक्रम ल्याइनुपर्ने हो । तर एउटै प्रकाशको पछाडि सिंगो देश दौडिरहेका छन्, त्यो पनि प्रकाश मार्फत् आफू लोकप्रिय हुने लोभमा ।

# राइड सेयरिङ सेवाको सम्भावना र चुनौती

*राइड सेयरिङ सेवालाई कानुनी दायरामा ल्याउन नसक्दा नै सार्वजनिक यातायात व्यवसायी र राइड सेयरिङबिच बारम्बार विवाद देखा परिरहेको छ ।*

अग्रलेख



● झलक शर्मा

बदलिँदो समयअनुरूप नेपाली सार्वजनिक यातायातमा राइड सेयरिङको अवधारणा लोकप्रिय बनेको छ । निजी मोटरसाइकल तथा ट्याक्सी/कार चालक आफ्नो कार्य क्षेत्रमा जाँदा अप्ठ्यारोमा परेका यात्रुलाई गन्तव्यमा पुऱ्याइ दिने सेवाको रूपमा राइड सेयरिङलाई लिइन्छ । सार्वजनिक यातायातको सुविधा नभएको, साँघुरा गल्ली, अपरिचित ठाउँमा पुग्न मोबाइल एप्लिकेशनमार्फत राइड सेयरिङको सहायता लिने गरेको पाइन्छ । यसले राइड सेयरिङकर्तालाई आफ्नो यात्रामा हुने खर्चमा सन्तुलन तथा मितव्ययिता अपनाउन र सेवा प्रदान गर्ने अवसर पनि प्राप्त हुने गर्छ । राइड सेयरिङ सेवातर्फ विशेषगरी युवा वर्गहरू बढी आकर्षित छन् । राइड सेयरिङले नेपाली युवालाई रोजगारीको अवसर दिलाउँदै पर्याप्त आयआर्जन गर्नमा समेत सहयोग गरेको छ । युवाहरूको एउटा समूह विदेश पलायन हुनबाट केही हदसम्म रोकिएको छ ।

सार्वजनिक यातायातको अस्तव्यस्तता, झन्झटिलो, लापरबाहीको उपजले नै राइड सेयरिङले स्थान पाएको छ । ट्याक्सी सेवा महँगो र सबै स्थानमा सहजरूपमा पाउन कठिन भएको देखिन्छ । नेपाली सार्वजनिक यातायात क्षेत्रमा केही बेथितिका च्याङहरू छन् । त्यसमा पनि नगर तथा उपत्यकाहरूमा गुड्ने नगर यातायातको बेथितिहरू तुलनात्मकरूपमा बढी छन् । नगर तथा उपत्यकाहरूमा चल्ने सार्वजनिक यातायात किन यति धेरै अप्रभावकारी बन्यो भन्ने एउटा गम्भीर प्रश्न खडा हुन सक्छ । नगर बसहरूले कुनै नियम मान्दैनन्, व्यवहार, बोली रुखो, अनुशासनको परिपालना छैन । समयको महत्वलाई नबुझ्ने, सेवामुखीभन्दा बढी व्यवसायीमुखी, तोकिएको भाडादर भन्दा पनि बढी भाडा उठाउन वा असुल्न खोज्ने प्रवृत्ति छन् । नगर बसले तोकिएको क्षमता भन्दा बढी यात्रु चढाउने, यात्रुलाई भेडा बाख्रा सरह मान्ने, खचाखच कोच्ने तर, यात्रु झार्ने क्रममा रिसाउने, फरक स्थानमा लगी झार्ने जस्ता कार्यबाट यात्रुहरू दिक्क मान्ने गरेको पाइन्छ । महिला संवेदनशीलताको ख्याल गरेको पाइँदैन । उल्टै द्विअर्थी तथा अश्लील शब्दको प्रयोग गर्ने जस्ता व्यवहारहरू हाम्रै आँखा अगाडी देखि रहेको पाइन्छ । दुर्व्यवहार बारे बोले उल्टै तनाव र झन्झट व्यहोर्नु पर्ने अवस्था आउन सक्छ भनी चुपचाप यात्रा गर्नुपर्ने अवस्था छ । यिनै यावत समस्याको माझ काठमाडौं उपत्यका लगायत अन्य सहरहरूमा राइड सेयरिङ सेवा फस्टाउँदो छ । काठमाडौं उपत्यकामा त पुराना प्रकृतिका माइक्रो बस, ट्याम्पो विस्थापित गर्न नै सकिएको छैन । जुन क्षेत्रमा अत्यधिक यात्रुको भिड हुन्छ त्यस्ता ठाउँमा सानो प्रकृतिका गाडीहरू सञ्चालन भइरहेका छन् । साँझको समयमा नगर बसमा सिट पाउन मुस्किल हुन्छ । यात्रुको भिड, सडकको संरचना, बस्ती विकासलाई पूर्वानुमान नगरी सार्वजनिक यातायात सञ्चालन गर्दा यात्रुले धेरै नै सास्ती व्यहोर्नु परेको छ ।

राइड सेयरिङ सेवामा समस्या हुँदै नभएको भने होइन । तत्कालीन सहजताका लागि राइड सेयरिङ ग्रहण गर्न सकिएता पनि यसको नियमन हुन नसक्ने हो भने यस सेवामा पछि विकराल आउनेमा दुई मत छैन । कतिपय राइडरहरूले राइड सेयरिङलाई नै पेसाको रूपमा अवलम्बन गरेका छन् । विगतमा अपनाइरहेका पेशा रोजगारी त्यागी राइड सेयरिङ गर्ने परिपाटी देखा परेको छ । राइड सेयरिङमा धेरै व्यक्ति आबद्ध हुँदा देशमा सेवामूलक कार्यमा मात्र सक्रिय रही उत्पादनमुखी कृयाकलापमा तथा अन्य पेसामा जनशक्ति कमी हुने समेत अनुमान गर्न सकिन्छ । व्यक्तिहरूको सृर्जनात्मक कृयाकलापमा ह्रास आउने आकलन गर्न सकिन्छ । सडकमा ट्राफिक जाम हुने, पार्किङमा समस्या हुने गरेको पाइएको छ । धेरै पैसा कमाउने लोभले तीव्र गतिमा मोटरसाइकल तथा ट्याक्सी चलाउँदा सवारी दुर्घटना समेत हुने गरेको छ ।

यस्तै, ट्राफिक नियमको उल्लंघन गर्नेको संख्यामा पनि वृद्धि भएको छ । सवारी साधनको चापमा वृद्धि हुँदा सडकमा ट्राफिक व्यवस्थापन गर्न कठिनाइ उत्पन्न भएको छ । सहरका मुख्य चोक, स्थानमा अनावश्यक भिडभाड हुने हुँदा चोरी डकैती तथा शान्ति सुरक्षा कायम राख्नसमेत जटिलता थपिएको छ । आजभोलि केही राइड सेयरिङ सेवा प्रदान गर्ने सेवा प्रदायकले आपसी मूल्य निर्धारण गर्ने व्यवस्था मिलाउने वा एप्लिकेशनमा नै यात्रामा लाग्ने भाडादर तोकिएता पनि यात्रुलाई अप्ठ्यारो पर्ने बाटोमा पुऱ्याई बढी पैसा असुल्ने प्रवृत्ति देखा परेका छन् । अनलाइन राइड सेयरिङ राइडरहरूले केही नियममा बाँधिएका त हुन्छन् । अफलाइन राइड सेयरिङ गरि यात्रु ओसार्ने काम पनि भइरहेका छन् । चोक वा बाटोमा बसेर यात्रुलाई सहमतिमा ल्याउने र पैसाको मोलमोलाइ गर्ने गरेको समेत देखिन्छ । यस्तो कार्यले यात्रुको जीउधनको सुरक्षामा चुनौती देखा पर्ने गरेको छ ।



*सार्वजनिक यातायातको अस्तव्यस्तता, झन्झटिलो, लापरबाहीको उपजले नै राइड सेयरिङले स्थान पाएको हो । सार्वजनिक बसमा यात्रा गर्नु सहज र सुरक्षित छैन भने ट्याक्सी सेवा महँगो र सबै स्थानमा सहजरूपमा पाउन कठिन भएको देखिन्छ । जसको बाध्यकारी विकल्प राइड सेयरिङ बनिरहेको छ ।*

महिलालाई प्रलोभन देखाउने, यौन दुर्व्यवहार, बलात्कारका घटना घट्ने गरेका छन् । त्यस्तै, महिलाको गोपनीयतालाई खोतल्ने, जिस्काउने प्रवृत्ति राइड सेयरिङमा पनि देख्न थालिएको छ । यात्रुलाई तर्साउने, बाटो तथा सार्वजनिक यातायातको रुट बारेमा गलत जानकारी दिने, अनविज्ञ यात्रुलाई बढी पैसा असुल्न खोज्ने गलत अभ्यासले स्थान ओगट्न थालेको छ । सेवा प्रदायक संस्था, कम्पनी त्यसमा आवद्ध राइडरहरू बिच बेलाबखतमा विवाद पनि भएको छ । कति प्रतिशत सेवा प्रदायक संस्थाले लिने र कति प्रतिशत राइडरले पाउने एउटा वैज्ञानिक मूल्य निर्धारण सरकारी तवरबाट हुनु जरुरी छ । कर नतिरी व्यवसाय सञ्चालन भइरहँदा पनि राज्य अझै पनि मौन छ ।

राइड सेयरिङ सेवालाई कानुनी दायरामा ल्याउन नसक्दा सार्वजनिक यातायात व्यवसायी र राइड सेयरिङबिच बारम्बार विवाद देखा परिरहेको छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८(१) मा निजी सवारी सार्वजनिक यातायात सेवाका लागी प्रयोग गर्न पाइने छैन भन्ने व्यवस्था छ । ऐनकै दफा १२ मा कुनै एक प्रयोजनका निम्ति दर्ता भएको सवारी साधन अर्को प्रयोजनमा लगाउन पाइने छैन भन्ने कुरा उल्लेख छ । तर, यसै ऐनको दायरामा रही काठमाडौं उपत्यकामा राइड सेयरिङ सेवा दिँदै आएका कम्पनीविरुद्ध पाटन उच्च अदालतमा रिट दायर भएको थियो । उक्त रिट माथि सुनवाइ गर्दै उच्च अदालतले सम्बन्धित निकायलाई व्यवस्थित गर्न आवश्यक कानुन तर्जुमा गर्न आदेश दिएको थियो । त्यसपश्चात् विभिन्न प्रदेशले आ-आफ्नो ऐन बनाई यसलाई व्यवस्थापन गर्ने प्रयत्न गरेका छन् । तथापि, गण्डकी प्रदेशमा भने यस्तो प्रकृतिको ऐन बनाउन लाग्दा सार्वजनिक यातायात व्यवसायीहरूले विरोध जनाउँदै गएको साउन १३ गते उक्त प्रदेशभर यातायात बन्द गरेका थिए । व्यवसायीहरूको मागका बारेमा अध्ययन गर्न प्राविधिक समिति गठन गर्ने सहमति भए पछि उनीहरूले आन्दोलन फिर्ता लिएका थिए ।

निजी तवरमा सार्वजनिक यातायात सेवा प्रदान गर्दै आएका राइडर सेवा प्रदायक सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्ने कुरा सरकारको नीति तथा कार्यक्रम २०८०/८१ मा उल्लेख भएको छ । सार्वजनिक यातायात प्रदेशको अधिकार क्षेत्रमा पर्ने भएकोले यसको सञ्चालन व्यवस्थापनमा प्रदेश सरकारले मनन् गर्नु पर्ने देखिन्छ । राइड सेयरिङ र नगर बस दुवै सेवालाई प्रभावकारी बनाउन राज्यले विद्यमान कानुनको समयानुकूल संशोधन तथा परिमार्जन गर्नुपर्छ । सडक सञ्चालन र यातायात प्रणालीलाई प्रभावकारीरूपमा विस्तार गर्ने, चक्लाउने एवम् व्यवस्थापन गर्ने कार्यलाई जोड दिनु आवश्यक छ । यात्रुलाई कुनै दुःख कष्ट नहोस् भनी सार्वजनिक यातायातलाई मितव्ययी र सुविधा सम्पन्न बनाउनु जरुरी छ । सार्वजनिक यातायात सञ्चालनको पूर्वानुमान, सडकको प्राथमिकीकरण, सडक तथा सवारी साधनको अनुगमन तथा मूल्यांकन, राइड सेयरिङ सम्बन्धी छुट्टै मापदण्ड एवम् कानुनी व्यवस्था गर्न सके भावी दिनमा सार्वजनिक यातायात व्यवसायी र राइडरबिच आपसी मनमुटाब हुने सम्भावना नै रहन्न । राइड सेयरिङको सेवा प्रयोगकर्ता र नगर यातायात प्रयोगकर्ताले व्यहोरेको समस्या, व्यथा, कष्ट तथा प्राप्त गरेको सुविधाको विश्लेषण गरी राज्य वा प्रदेश सरकारले सो बमोजिमका योजना, नियमहरू तय गर्नु आवश्यक छ ।

सार्वजनिक यातायातका चालक तथा सहचालकलाई अनुशासन, नैतिकता र व्यवहारिक ज्ञान सम्बन्धी तालिमको व्यवस्था गर्नु पर्दछ । समावेशी सिटहरू राजधानीमा मात्र नभई अन्य सहरी क्षेत्र एवम् ग्रामीण भेगमा महिला, अपाङ्ग एवम् अशक्त, ज्येष्ठ नागरिक सिटको व्यवस्था गर्नु जरुरी छ । सडक मर्मत, सम्भार एवम् विस्तार, नगर बस चल्ने रुटको स्पष्टता र समय तालिका, सवारी साधनमा सिसी टिभीको व्यवस्था, शान्ति सुरक्षाको ग्यारेन्टी प्रत्याभूत गर्न सकेको खण्डमा नगर बसमा यात्रु आकर्षित हुन सक्छन् । अहिले नागरिकले चाहेको सेवालाई विस्थापित गरी पुरानै तवरबाट सार्वजनिक यातायात सञ्चालन गर्नु कदापि हुँदैन । राइड सेयरिङलाई नियमन गरी र यातायात व्यवसायीको समन्वयता कायम गरी अगाडी बढ्नु आवश्यक छ । राइडरको अनुभव, मोटरसाइकल तथा ट्याक्सीको पाट पुर्जा एवम् भौतिक अवस्था र त्यसको परीक्षण, राइड सेयरिङ र नगर बसको रुट र समय, अफलाइन राइड सेयरिङ गर्नबाट रोक, राइडर र कम्पनीबिचको मापदण्ड, बाइकका लागी बाटो इजाजत अनुमति पत्र, राइडरले मोबाइल एप चलाउन सक्ने प्राविधिक क्षमतालाई मूल्याङ्कन गरी राइड सेयरिङ सेवालाई व्यवस्थित गराउनु सरकारको दायित्व समेत रहेको छ । सार्वजनिक यातायात देशलाई समृद्धिको बाटोमा लम्काउने महत्वपूर्ण पूर्वाधारको रूपमा रहेको यसमा देखा परेका समस्यालाई समाधान गर्दै नयाँ आधुनिक सेवालाई आत्मसात् गरी सञ्चालन गर्नु आवश्यक छ ।

## सामाजिक सञ्जाल



**- सरोज पोखरेल**

बालेनलाई 'तेली' भन्ने, आजको युगमा जातपातको कुरा गर्ने, तिमीहरू सबै नै झारपात, कुजात हौ । ठूला जात भन्नेले प्रधानमन्त्री नै हुँदा पनि के गरे ? देशलाई कहाँ पुऱ्याए ? तसर्थ, यस्तो तुच्छ सोंच राख्नेहरुले देशलाई उभौँ कहिल्यै लगाउँदैनन् ।



**- दिपेन्द्र डिसी**

न्यायमूर्तिहरूलाई लाग्यो भन्दैमा व्यक्तिको निजी सम्पत्ति 'जबरजस्ती' सरकारले राष्ट्रियकरण गर्नु पऱ्यो भन्नु गलत हो । जनप्रतिनिधिले नागरिकका अधिकार संरक्षण गर्ने हो न कि श्रीमानहरूको लहैलहै, गलत निर्णयलाई च्यालेन्ज गर्ने हो । हिजो २०, आज ४०, पर्सी ६० गर्दा सबैको जाला । आफ्नो त छैन तर, जीवनभरको कमाई बाबुरामका पालामा गुमाउने रोएको देखेको छु ।



**- केदार सुवेदी**

अब अमेरिकाले रसियन तेल आयातमा संलग्न भएको भनेर भारतीय कम्पनीहरू माथि प्रतिबन्ध लगाउन थालेछ, एक दुई हप्तादेखि अमेरिका-भारत टसलका बारेमा 'ब्लकिङ नेक्स्ट चाइना' भन्ने खालका निकै भारतीय ट्वीट देखिराखेको थिएँ, गोदीहरूको प्रोपोगान्डा होला भनेर इग्नोर गरेको नभन्दै अर्को चाइन बन्न नदिने खेल नै रैछ ।



**- बाबाजी**

कम्युनिष्ट पार्टीका कार्यकर्ता रे, कसैको जात/थरलाई लिएर खिसिटिउरी गर्दैछन् ! के 'तेली' हुनु अपमान हो ? उ काठमाडौंको मेयर हुन सक्दैन ? फत्ताङलुङका मेयर लिम्बु छन्, कचनाकवलका राजवंशी, चौरजहारीका मेयर वादी छन् त टिकापुरका डगौरा थारु ! यो अपमान हो ? यो नेपालको सुन्दरता होइन ?

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | नयाँ कार्यहरूमा प्रगति हुनेछ । पुराना काम सफल हुनेछन् । |
| वृष : | वाहन सावधानी राख्नुहोला । स्वास्थ्यमाथि ध्यान दिनुहोला । |
| मिथुन : | कार्य सफल हुनेछ । नौलो कार्यमा प्रगति हुनेछ । |
| कर्कट : | शान्तिमा वृद्धि हुने योग छ । साथीहरूसित भेटघाट हुनेछ । |
| सिंह : | पद र प्रभावमा वृद्धि हुनेछ । वाणी संयम राख्नुहोला । |
| कन्या : | कुनै पनि कार्यमा हतार नगर्नु होला । वाहन सावधानी राख्नुहोला । |
| तुला : | राजनीतिक कार्यमा रोकावट आउनेछ । नयाँ सम्बन्ध बन्नेछ । |
| वृश्चिक : | पारिवारिक जीवन सुखी रहनेछ । कृषिजन्य कार्यमा लाभ प्राप्त हुनेछ । |
| धनु : | सभा समारोहमा सहभागी हुनुपर्ने छ । स्वास्थ्य राम्रो रहनेछ । |
| मकर : | तनाव बढ्नेछ । सामाजिक कार्यहरूमा वृद्धि हुनेछ । |
| कुम्भ : | भाइ-बहिनीको सहयोग प्राप्त हुनेछ । पदोन्नति हुने योग छ । |
| मीन : | स्वास्थ्य राम्रो रहनेछ । मुद्दा मामिलामा सफलता मिल्नेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बदलिँदो तिज

विचार



● खगेन्द्र पौडेल

*आज महिना दिनदेखि नै तिजको दर खाने चलन बसेको छ । आज तिजमा महिलाको विषय चर्चा/परिचर्चा हुँदैन । के खाने, के लाउने भन्नेमा बढी केन्द्रित भएको छ । तिजको दर नै मासु र मदिरा भएको छ ।*

नेपाली समाजको एउटा वर्ग जो सधैं अभावको जीवन बाँचेको थियो । केही प्रतिशत बाहेक अधिकांश मानिस गरिबीमै थियो । त्यसैलाई चाड पर्वको ठुलो महत्व थियो । त्यो समय तिजको लागि महिनौ पहिलेदेखि घर मुलीबाट केरा, घ्यू, चामल, तरकारी, अचार, लुगालगायतको चाँजोपाँजो मिलाउने गरिन्थ्यो । तीजमा ल्याएको कपडाको खर्च तिर्न हम्मे हम्मे हुन्थ्यो । दुई महिने झरीपछि केही राहत हुन्थ्यो घाम देखिँदा ।

तीजको दिनको लागि गाई भैंसीको चारा, घाँस अघिल्लो दिनदेखि काट्न सुरु गरिन्थ्यो । आमा, दिदी बहिनी, फुपूलगायत बर्त बसेका कारण घरको सबै काम घर मुलीबाट गर्नुपर्थ्यो । नेपाली गाउँले समाजमा प्रायः सबैको परिवारमा यस्तो हुने गर्दछ । महिलाहरू व्रत बस्ने, तिजमा रमाइलो गर्ने अनि पुरूषहरूले घरको काममा हात बट्याउने । जुन स्वाभाविक पनि हो ।

गाउँमा सबै जना भेला भएर रमाइलो गर्ने चलन थियो । सबै मिलेर गीत गाउने, नाच्ने गरिन्थ्यो । निकै बेग्लै रमाइलो हुन्थ्यो त्यो समय । साँच्चिकै त्यतिखेरको गीतहरूमा पनि हाम्रै भावना बग्थे । हाम्रै आवाज बहन्थे । तर, आज त्यस्तो छैन । सबै बदलिएको छ । गीत मात्रै तिज मनाउने शैली पनि पूरै फेरिएको छ ।

आज महिनाअघिदेखि नै तिजको दर खाने चलन बसेको छ । आज तिजमा महिलाको विषय चर्चा/परिचर्चा हुँदैन । के खाने, के लाउने भन्नेमा बढी केन्द्रित भएको छ । तिजको दर नै मासु र मदिरा भएको छ । साँच्चिकै भन्दा अहिलेको सहरी समाज निकै कुरुप बनेको छ । जहाँ हाम्रा संस्कृतिको धज्जी उडाइएको छ ।

हाम्रा चाडपर्वहरू निकै उपभोक्तावादी संस्कृतिको प्रभावले गलित भएका छन् । आज गरगहना, कपडा, खानपिनमा अनावश्यक प्रतिस्पर्धा चल्दा कतिपय परिवार विखण्डितसमेत भएका छन् । आज तीजको महत्व घटेर गएको छ । सायद, यो पश्चिमा संस्कृतिको सिकार भएर नै होला तर, कारक तत्व यहाँभित्रको विकृति नै हो ।

हाम्रो चाड मनाउने परम्परा हाम्रो माटो सुहाउँदो मात्रै छैन, कतिपय विषय चिकित्सा विज्ञानसँग पनि जोडिएका छन् । वर्त बस्नु, दत्तीवल चपाउने, नाचेर तथा गाएर मनको पीडा घटाउनु पनि स्वास्थ्यको हिसाबले राम्रो मानिन्छ । टन्न मासु र रक्सी खाएर बर्त बसेको र दिनभरि फलफूल र दूध खाएर काम नगर्ने भनेको खासमा कुनै पनि कोणबाट अनुकूलित होइन । स्वास्थ्य विज्ञानले पनि यसलाई सही मान्दैन । अझ, महिनौंदेखि होटेल तथा रेष्टुरेन्टमा गएर रमाइलो गर्नु र पश्चिमी संस्कृति झल्काउने गीत संगीतमा नाँच्नु सही होइन । यसले हाम्रो समाजलाई भाँड्नेभन्दा बाहेक केही काम गर्दैन । विडम्बनाको विषय नै मान्नुपर्छ, यसले हामीलाई कहाँ पुऱ्याउला ?

# गाजा युद्ध १२औं महिनामा प्रवेश
# युद्धविरामको सम्भावना अझै क्षीण



**काठमाडौं/एजेन्सी–** गाजामा इजरायल र हमासबीचको युद्ध शनिबार १२औं महिनामा प्रवेश गरेको छ। जारी युद्धबीच युद्धविरामका लागि इजिप्ट, अमेरिका, कतारलगायतका मुलुकले मध्यस्थता गरिरहे पनि प्यालेस्टिनी भूभागका लागि राहत वा इजरायली बन्धकहरूको रिहाइको आशाको कुनै संकेत देखिएको छैन ।

इजरायलमा रहेका कैदीहरूको बदलामा हमासद्वारा बन्धक बनाइएका बन्धकहरूलाई पनि मुक्त गर्ने युद्धविरामको सम्भावना क्षीण देखिन्छ, दुवै पक्ष आ-आफ्नो अडानमा अडिग छन् । गत अक्टोबर ७ मा इजरायलमाथि आक्रमण गरेको हमासले इजरायललाई उसको सेना पूर्णरुपमा फिर्ता बोलाउन माग गरिरहेको छ तर इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले गाजा-इजिप्ट सीमाको एक महत्वपूर्ण भू-भागमा सेना राख्नुपर्नेमा जोड दिएका छन् ।

हमासले इजरायलको दक्षिणी क्षेत्रमा गरेको आक्रमणमा करिब एक हजार २०५ जनाको मृत्यु भएको थियो जसमध्ये अधिकांश सर्वसाधारण रहेका थिए । हमास शासित गाजामा इजरायलले गरेको जवाफी कारबाहीमा अधिकारीहरूले झण्डै ४१ हजार व्यक्ति व्यक्तिको मृत्यु भएको बताएका छन्।

संयुक्त राष्ट्रसंघको मानव अधिकार कार्यालयका अनुसार मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका रहेका छन् । आक्रमणका क्रममा प्यालेस्टाइनी लडाकूले कब्जामा लिएका २५१ बन्धकमध्ये ९७ जना गाजामै रहेका छन् भने ३३ जनाको मृत्यु भएको इजरायली सेनाले जनाएको छ ।

नोभेम्बरमा एक हप्ताको युद्धविरामको क्रममा दर्जनौं मानिसलाई आदानप्रदान गरिएको थियो । गत आइतबार इजरायलले एक अमेरिकी-इजरायली नागरिकसहित छ जना बन्धकको शव फेला परेको घोषणा गरेपछि इजरायलमा शोक र आक्रोश छाएको थियो ।

संयुक्त राष्ट्रसंघीय प्यालेस्टिनी शरणार्थी एजेन्सी (यूएनआरडब्लुए)का प्रमुख फिलिप लाजारिनीले शनिबार एक्समा लेखेका छन्, 'एघार महिनाको समय काफी हो । यसलाई अब कसैले पनि लिन सहज लिन सक्दैन। अब युद्धविराम हुनुपर्छ र मानवताको विजय हुनुपर्छ ।'

टर्कीका एक अमेरिकी कार्यकर्ताले कब्जा गरेको क्षेत्रमा इजरायली बस्तीको विरोधमा प्रदर्शन गरिरहेको पश्चिम किनारामा शुक्रबार भएको गोलीकाण्डले युद्ध अन्त्यका लागि अन्तर्राष्ट्रिय दबाबलाई थप बल दिएको छ । २६ वर्षीया आइसेनुर एज्जी आइगीको परिवारले उहाँको मृत्युको स्वतन्त्र छानबिनको माग गर्दै शनिबार उनको जीवनलाई इजरायली सेनाले अनावश्यक, गैरकानूनी र हिंसात्मकरूपमा हत्या गरेको आरोप लगाएको छ ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार कार्यालयले इजरायली सेनाले आइगीको टाउकोमा गोली हानेर हत्या गरेको जनाएको छ । अंकाराले उनलाई 'इजरायली कब्जा क्षेत्रमा सैनिकहरू'द्वारा मारिएको बताएको छ, र राष्ट्रपति रेसेप तैयप एर्दोगानले इजरायली कार्यलाई 'बर्बरता' को रूपमा निन्दा गरेका छन् ।

वासिङ्टनले उनको मृत्युलाई 'दुःखद' भनेको छ र आफ्नो निकट सहयोगी इजरायललाई अनुसन्धान गर्न दबाब दिएको छ । करिब चार लाख ९० हजार मानिस बसोबास गर्ने वेस्ट बैंकमा इजरायली बस्ती अन्तर्राष्ट्रिय कानूनअनुसार गैरकानूनी छन् ।

अक्टोबर ७ मा हमासको आक्रमणपछि इजरायली सेनाले सन् १९६७ मा इजरायलले कब्जा गरेको वेस्ट बैंकमा ६६२ भन्दा बढी प्यालेस्टिनीको हत्या गरिसकेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

सोही अवधिमा प्यालेस्टिनी आक्रमणमा परी सुरक्षा बलका सदस्यसहित कम्तीमा २३ जना इजरायलीको मृत्यु भएको इजरायली अधिकारीहरुले बताएका छन् । इजरायली सेनाले वेस्ट बैंकको जेनिन शहरमा १० दिनसम्म चलेको घातक आक्रमणबाट पछि हटेको दिन आइगीको मृत्यु भएको थियो ।

गाजा युद्धमा युद्धविरामका लागि वार्ता गर्ने विषयमा इजरायल र संयुक्त राज्य अमेरिकाबीच विवाद भएपछि जेनिनको बहिर्गमन भएको हो । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले बिहीबार '९० प्रतिशत सहमति भएको' भन्दै इजरायल र हमासलाई सम्झौतालाई अन्तिम रुप दिन आग्रह गरेका छन् । तर इजरायली प्रधानमन्त्री नेतन्याहूले फक्स न्यूजसँग कुरा गर्दै भने, 'यो नजिकको कुरा होइन ।'

अमेरिकी राष्ट्रपति जो बाइडेनले अघि सारेको प्रस्तावमा इजरायल सहमत भएको भन्दै हमासले गाजा पट्टीबाट इजरायललाई पूर्ण रुपमा फिर्ता लिन माग गर्दै आएको छ । एएफपीका संवाददाताका अनुसार शुक्रबार रातभर र शनिबार बिहानै उक्त क्षेत्रमा कैयौं हवाई आक्रमण र गोलाबारी भएको थियो ।

गाजाको नागरिक सुरक्षा निकाय र प्यालेस्टिनी रेड क्रिसेन्टले मध्य गाजाको नुसिरात शरणार्थी शिविर नजिकै इजरायली हवाई आक्रमणमा परी चार जनाको मृत्यु भएको जनाएको छ । नागरिक प्रतिरक्षा र एक प्रत्यक्षदर्शीका अनुसार 'बुरेज क्याम्प'को एक फ्ल्याटलाई लक्षित गरी गरिएको हवाई आक्रमणमा अन्य चार जनाको मृत्यु भएको थियो ।

जबालियामा इजरायली हवाई आक्रमणमा परी थप चार प्यालेस्टिनीको मृत्यु भएको नागरिक सुरक्षा अधिकारीहरूले बताएका छन्। गाजा शहरको उत्तरमा भएको हवाई आक्रमणमा परी एक महिला र एक बालकको पनि मृत्यु भएको बताइएको छ ।

बेइट लाहियाको एक आवासीय क्षेत्रमा भएको हवाई आक्रमणमा परी कम्तीमा ३३ जना प्यालेस्टिनी घाइते भएको र उनीहरूको अल अवदा, कमल अदवान र इन्डोनेसियाली अस्पतालमा उपचार भइरहेको चिकित्सकहरूले बताएका छन् ।

# विश्व व्यवस्थामाथि खतरा बढेको
# बेलायत र अमेरिकाका गुप्तचर प्रमुखको चेतावनी



**काठमाडौं/एजेन्सी–** अमेरिकी गुप्तचर निकाय (सिआइए) का निर्देशक बिल बर्न्स र बेलायतको एमआई-सिक्सका प्रमुख रिचार्ड मुरले विश्व व्यवस्था शीतयुद्धपछि विश्वले नदेखेको खतरामा रहेको चेतावनी दिएका छन् ।

फाइनान्सियल टाइम्सको विचार पृष्ठमा लेखेको लेखमा दुई गुप्तचर प्रमुखले भनेका छन्, ' हामीसँग एक अर्काभन्दा बढी विश्वसनीय वा सम्मानित सहयोगी कोही छैन ।' उनीहरूले मुख्यतया रूस, चीन र मध्यपूर्वबाट अभूतपूर्व खतराहरूको सामना गरिरहेको बताउँदै आफूहरूको साझेदारी महत्वपूर्ण हुने बताएका छन् ।

संयुक्त राज्य अमेरिका र बेलायत फेब्रुअरी २०२२ मा शुरू गरिएको रूसी आक्रमणको प्रतिरोधमा युक्रेनको प्रमुख वित्तीय र सैन्य समर्थकमध्ये दुई प्रमुख राष्ट्र हुन्। 'सहकार्य रहनु पहिलेभन्दा बढी महत्वपूर्ण छ,' लेखमा भनिएको छ, 'रूसी गुप्तचर निकायले युरोपभरि चलाएको विध्वंसको लापरबाहीपूर्ण अभियानलाई बिथोल्न हामी मिलेर काम गरिरहेका छौं ।'

लेखमा 'उनीहरू (अमेरिका र बेलायत)ले उन्नत एआई र क्लाउड प्रविधिको प्रयोग अहिले कसरी गरिरहेका छन् भन्ने कुरा पनि उल्लेख गरेका छन् । पश्चिमा मुलुक र खासगरी अमेरिका र बेलायतले ती प्रविधिले संकलन गरेका तथ्यांकको विशाल भण्डारहरू प्रयोग गरिरहेका लेखमा महत्वका साथ उल्लेख गरिएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले बेलायती प्रधानमन्त्री केइर स्टार्मरलाई सेप्टेम्बर १३ मा वासिङ्टनमा स्वागत गर्ने कार्यक्रम तय भएको वा स्टार्मरको भ्रमणको घोषणा भएको समयमा उक्त चेतावनी आएको हो ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले बेलायती प्रधानमन्त्री स्टार्मरलाई स्वागत गर्ने कार्यक्रम केही दिनअघि तय भएको थियो । ह्वाइट हाउसले शुक्रबार भनेको छ, 'उनीहरू (बाइडेन र स्टर्ममर)ले अन्य कुराका साथै युक्रेनलाई निरन्तर मजबुत बनाइराख्ने र गाजामा युद्धविराम हासिल गर्ने नयाँ उपायबारे छलफल गर्नेछन् ।'

इजरायलप्रति दुई राष्ट्रको अडान फरक-फरक रहेको समयमा यो बैठक हुन लागेको हो । युद्धग्रस्त गाजामा अन्तर्राष्ट्रिय कानुनको उल्लंघन गरी आफूले उपलब्ध गराएका हतियार प्रयोग हुनसक्ने भन्दै बेलायतले इजरायललाई ३० वटा हातहतियार निर्यात अनुमतिपत्र स्थगन गर्ने घोषणा गरेको छ ।

# जर्मनीको जंगलमा भीषण डढेलो, सयौं मानिसलाई सुरक्षित स्थलमा सारियो



**काठमाडौं/एजेन्सी–** मध्य जर्मनीको पहाडी क्षेत्रमा लागेको भीषण डढेलो नियन्त्रणका लागि शनिबार अग्निनियन्त्रक र विमानले प्रयास तीव्र पारेका छन् । हर्ज पर्वतमा शुक्रबारदेखि धेरैतिरबाट डढेलो शुरु भएको र साँझसम्ममा यसले भीषण रूप लिएको थियो ।

स्याक्सोनी-अनहाल्ट राज्यको हर्ज जिल्लाका अधिकारीहरूका अनुसार ब्रोकेन पर्वतमा करिब १५० अग्निनियन्त्रक, विमान र हेलिकप्टरहरू तैनाथ गरिएको छ र वरपरको क्षेत्र बन्द गरिएको छ । शनिबार पनि आगोको प्रकोप जारी रहेको र अग्निनियन्त्रकलाई सहयोग गर्न विमान र हेलिकप्टर पुनः पठाइएको जर्मन अधिकारीले बताएका छन् । थप तीन वटा विमान र अर्को हेलिकप्टर पनि यस प्रयासमा सामेल हुने अपेक्षा गरिएको छ ।

अधिकारीले भने, 'थप विमानका लागि अनुरोध गरिएको छ । अग्निनियन्त्रकहरूले अझै पनि आगो नियन्त्रण गर्ने प्रयास गरिरहेका छन् ।' पदयात्री र पर्यटकलाई उक्त क्षेत्र छोड्न आग्रह गरिएको छ र शुक्रबार दिउँसो बसमार्फत ५०० जनालाई सुरक्षित स्थानमा ल्याइएको स्थानीय प्रसारक एनडीआरले जनाएको छ ।

सन् २०२२ को सेप्टेम्बरमा हर्ज पर्वतको जंगलमा भीषण आगलागी भएको थियो । आगो नियन्त्रणमा लिन अधिकारीहरूले आपतकालीन अवस्थाको घोषणा गरी सयौं अग्निनियन्त्रकहरूले केही दिनसम्म दिनरात काम गरेका थिए ।

अन्य देशहरूजस्तै जर्मनीले पनि हालैका वर्षहरूमा गर्मीयाममा उच्च तापक्रम अनुभव गरिरहेको छ । वैज्ञानिकहरूले मानव-प्रेरित जलवायु परिवर्तनले तीव्र बनाएको बताएको तापक्रम वृद्धिले यस वर्ष पनि संसारभर मौसमी संकटको सामना गरिरहेका छन् ।

# भारतको जिरिबाम जिल्लामा झडप हुँदा पाँच जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** भारतको द्वन्द्वग्रस्त उत्तरपूर्वमा शनिबार भएको झडपमा कम्तिमा पाँच जनाको मृत्यु भएको स्थानीय सरकारी अधिकारीले बताएका छन्। युद्धग्रस्त म्यानमासँगको भारतको सीमामा रहेको जिरिबाम जिल्लामा भएको पछिल्लो झडपमा पाँच जनाको मृत्यु भएको हो ।

'जिरिबाममा बिहानदेखि नै दुई समुदायबीच झगडा भइरहेको छ। हालसम्म झडपमा पाँच जनाको मृत्यु भइसकेको छ र हामी थप विवरणको प्रतिक्षामा छौं,' एक स्थानीय सरकारी अधिकारीले बताए ।

घटनामा एकजनाको सुतिरहेको बेला गोली हानेर हत्या गरिएको थियो भने अन्य चार जना सशस्त्र व्यक्तिको त्यसपछि भएको गोली हानाहानको क्रममा मृत्यु भएको प्रेस ट्रस्ट अफ इन्डियाले जनाएको छ ।

मणिपुर राज्यमा मुख्यतया हिन्दु बहुमत मेइतेई र इसाई कुकी समुदायबीच एक वर्षभन्दा बढी समयदेखि द्वन्द्व बढ्दै आएको हो ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०५/२३**

किरस एडुकेशन कन्सल्टेन्सि प्रा.लि.को २०८१/०४/२० गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सान मरिना एडुकेशन कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं.: ३३८१०७)** कायम गर्ने गरी मिति २०८१/०२/३१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**ग्रिनलाईफ हाइड्रो पावर लि. को संस्थापक शेयर विक्री सम्बन्धी सार्वजनिक सुचना**

प्रकाशित मिति २०८१।०५।२३

यस कम्पनीको संस्थापक शेयरधनीले आफ्नो नामको शेयर विक्री गर्न स्वीकृती पाउं भनि कम्पनीमा दिएको निवेदन उपर कम्पनीको संचालक समितिको मिति २०८१।०४।२४ को बैठकले संस्थापक शेयरधनि ग्रिनलाईफ इन्भेष्टमेन्ट प्रा.लि. ले विक्री गर्न चाहेको १० (दश) लाख थान कित्ता शेयर विक्री गर्ने स्वीकृती प्रदान गरेकोले उल्लेखित संस्थापक शेयर खरिद गर्न इच्छुक कम्पनीका शेयरधनीले यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीमा सम्पर्क गरी आफुले खरिद गर्न चाहेको शेयर खरिद विक्री गरी कम्पनीमा जानकारी गराउनु हुन यसै सार्वजनिक सुचना मार्फत जानकारी गराईन्छ । उक्त ३५ दिन पश्चात शेयर धनि बाहेकका अन्य व्यक्तिले उल्लेखित शेयर खरिद गर्न सक्ने हुँदा सोही अनुसार यो सुचना प्रकाशित भएको मितिले ३५ दिन पुगेको १५ दिन भित्र शेयर खरिद विक्री गरी कम्पनीमा जानकारी गराउनु हुन यसै सुचना मार्फत जानकारी गराईन्छ ।

**ग्रिनलाईफ हाइड्रो पावर लि.** कमलादी, काठमाडौं
फोन नं. ०१४५११३७३, इमेलः nepalgreenlife@gmail.com

**Bahradashi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Chakchaki, Jhapa**
**Koshi Province, Nepal**

**Invitation for Bids**

**Date of publication: 2081/05/23 (8th Sept., 2024)**

Bahradashi Rural Municipality invites electronic bids from eligible bidders for the procurement of the following goods under National Competitive Bidding (NCB) procedures.

| Contract ID | Description | Estimated Amount NRs. (Excluding Vat) | Bid Security & Validity | Cost of Bid Document | Last Date of Submission/ Opening Date |
|---|---|---|---|---|---|
| NCB/Bahradashi/ Health/1/2081-82 | Nisulka Ausadhi Tatha Ausadhijanya Samagri Kharid. | 59,39,500.22 | 1,78,000/- & 120 days from deadline | 3000/- | 8th Oct., 2024 (12:00 hrs/ 13:00 hrs) |

Eligible Bidders may obtain further information from the office of Bahradashi Rural Municipality, Chakchaki, Jhapa or may visit e-GP system: www.bolpatra.gov.np/egp.

**भोजपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भोजपुर**
**कोशी प्रदेश, नेपाल**

**औषधी खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/०५/२३**

यस भोजपुर नगरपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य इकाईहरुमा सेवा सञ्चालनको लागि औषधी खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तपशिल अनुसार तोकिएको शर्तमा रही औषधी सप्लाई गर्न इच्छुक फर्मले सिलवन्दी दरभाउपत्र पेश गर्नु हुन आह्वान गरिन्छ ।

**Invitation for Sealed Quoation**

| S. N. | Contract No. | Description of work | Bid security amount | Bid security validity period | Payment non –refundable amount | Electronic Submission options |
|---|---|---|---|---|---|---|
| 1 | Bhjmun/P/ SQ/04/2081/82 | Procurement of Medicine & Medical Equipment | 53,500.00 | 90 days | 1000.00 | Yes (only e–bid) |

**तपशिल**

१. सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म दरभाउपत्र फारम खरिद गर्ने तथा १६ औं दिनको १२:०० बजेसम्म दरभाउपत्र पेश गरिसक्नु पर्नेछ। १६ औं दिनको २:०० बजे भोजपुर नगर कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिने छ। सम्बन्धित व्यक्ति वा प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
२. दरभाउपत्र खरिद दाखिला तथा दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट दरभाउपत्र दाखिला गर्ने तथा दरभाउपत्र खोलिनेछ ।
३. दरभाउपत्र खरिद गर्दा निम्न कागजातहरुको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
   (क) औषधी सप्लायर्सको प्रोपाइटरको नेपाली नागरिकताको प्रमाणपत्र
   (ख) मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र
   (ग) आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र
   (घ) फर्म, संस्था वा कम्पनि दर्ताको प्रमाणपत्र
   (ङ) व्यवसाय दर्ताको इजाजत पत्र
४. आपुर्ति गर्ने औषधीहरु औषधी व्यवस्था विभागबाट Gmp Certified हुनु पर्नेछ ।
५. औषधीहरुको Expiring date कम्तिमा १८ महिना भन्दा वढि हुनु पर्नेछ ।
६. दरभाउपत्र फारम रु १,०००।- (फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. २०४०१००३०१०१०००२ मा जम्मा गरी सक्कलै भौचर सहित पेश गर्नु पर्नेछ ।
७. सिलवन्दि दरभाउपत्रको जमानत वापत हुन आउने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. २०४०१००३०३००००२ धरौटी खातामा जम्मा गरेको रु ५३,५००।- को सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) श्रेणीको बैंकबाट कम्तिमा ९० दिनको म्याद भएको जमानत पत्रको साथ दरभाउपत्र पेश गर्नु पर्नेछ ।
८. दरभाउपत्रमा अंक र अक्षरमा लेखेको व्यहोरा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
९. दरभाउपत्र स्वीकृत भएका दरभाउपत्र दातालाई सो को जानकारी गराईनेछ र कवोल अंकको मु.अ. कर समेत ५ प्रतिशतले हुन आउने धरौटी रकम दाखिला गरेको सक्कलै भौचर वा सो बरावरको बैंक जमानत साथ १५ दिनभित्र सम्झौता गर्न आइसक्नु पर्नेछ ।
१०. पेश हुन आएका दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा पूर्णरुपमा सुरक्षित हुनेछ । साथै यसमा उल्लेख भए बाहेक सार्वजनिक खरिद ऐन, नियमावलि तथा प्रचलित कानून बमोजिम हुनेछ ।
११. विस्तृत जानकारीको लागि यस कार्यालयको वेवसाइट www.bhojpurmun.gov.np र फोन नं. ०२९-४२०२२० मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# बक्स अफिस समाचार

## ‘मिसिङ : केटी हराएको सूचना’को टिजर रिलिज




**काठमाडौं/मस–** नेपाली चलचित्रको परिवेश बदल्ने भिजन लिएर दुई दशकपछि नेपाल फर्किएका चर्चित निर्देशक दीपेन्द्र गौचनले नयाँ चलचित्र ‘मिसिङ : केटी हराएको सूचना’ घोषणा गरेका छन्। उक्त चलचित्र आगामी कात्तिक ३० गते प्रदर्शनमा आउने निर्देशक गौचनले जानकारी गराएका छन्।

उजेली : ए चाइल्ड ब्राइड इन नेपाल र विश्व फिल्म उद्योगमा योगदानका लागि परिचित गौचनले आफ्नो नयाँ उद्यम ट्राइ-सिटी पिक्चर्सका साथ नेपाली चलचित्र क्षेत्रमा तरंग ल्याउन तयार भएका छन्। गौचन र नकिम उद्दिनले मिलेर स्थापना गरेको ट्राइ-सिटी पिक्चर्सले मनोरञ्जन मात्र नभइ सामाजिकरूपमा प्रभाव पार्ने चलचित्र निर्माण गर्ने लक्ष्य राखेको छ।

गौचनको सन् २०२५ को भिजनमा नेपाली सिनेमालाई एक फस्टाउँदो, विश्वव्यापीरूपमा मान्यता प्राप्त उद्योगमा रूपान्तरण गर्ने समावेश छ। नेपालको तराई क्षेत्रको जीवन्त पृष्ठभूमिमा आधारित यस ब्यानरअन्तर्गतको पहिलो चलचित्र मिसिङ : केटी हराएको सूचना यही दृष्टिकोणको प्रमाण हो।

यस चलचित्रमा पहाडी समुदायका युवती र मधेशी समुदायकी युवाको रहनसहन र मेलमिलापको बारेमा कथा कोरिएको छ। यस चलचित्रका लेखक/निर्माता/निर्देशक दीपेन्द्र गौचनले चलचित्र मिसिङको निर्माणका लागि पाएको प्रेरणाको बारेमा आफ्नो अनुभव साटेका छन्। ‘नेपाल फर्केर मैले धेरैजसो फिल्म पहाड र हिमाली क्षेत्रमा बनाइएको देखेँ। यी क्षेत्रहरू प्रतिष्ठित भए पनि म तराईको सौन्दर्य र यसको समृद्ध सांस्कृतिक विविधता देखाउन चाहन्थें,’ निर्देशक गौचनले भने, ‘यो फिल्म मेरो मनको नजिक छ किनभने यसले पारम्परिक र जातीय सीमानाहरू पार गर्ने, विविधताको बीचमा समानता खोज्ने कुराको प्रतिनिधित्व गर्दछ।’

चलचित्रमा सीताको भूमिकामा सृष्टि श्रेष्ठ (जस्सीता/जेसी) रहेकी छन् भने रामको भूमिकामा नाजिर हुसेन (रामबरन/ज्याम्बो) रहेका छन्। त्यसैगरी विलासको भूमिकामा संजय मिश्रा तथा अमितेश शाह (क्यामियो) टिकट बिक्रेताको रोलमा रहेका छन्। यस बाहेक जनकपुरबाट थप स्थानीय कलाकारहरूले विभिन्न भूमिका निभाएका छन्।

चलचित्रको कार्यकारी निर्मातामा नकिम उद्दीन, छायाँकनमा अमर महर्जन, सम्पादनमा निमेश श्रेष्ठ, कला निर्देशनमा अक्की थेक्पा, साउण्ड डिजाइनमा श्रावल आरपी र म्युजिक कम्पोजरका रुपमा क्रिस मसन्ड रहेका छन्।

## ‘गीतकार लामा गीतिमय साँझ’का लागि भेट्रान दौड



**काठमाडौं/मस–** वरिष्ठ गीतकार बुद्धवीर लामा गीतिमय साँझ हुने भएको छ। यसैको पूर्वसन्ध्यामा प्रयासमञ्च नेपाल र बैकुण्ठ मानन्धर खेलकुद नेपालको आयोजनामा बुद्धवीर लामा गीतिमय शुभकामना दौड शनिबार सम्पन्न भएको छ।

आगामी असोज ३ गते नेपाल प्रज्ञा प्रतिष्ठानमा हुन गइरहेको ‘बुद्धवीर लामा तेह्रौं गीतिमय सांगीतिक साँझ’को तयारीको क्रममा प्रतियोगितात्मक भेट्रान दौडको आयोजना गरिएको हो। चार क्याटेगोरीमा भएको उक्त दौडमा ३५ देखि ४९ वर्ष उमेर समूहमा पुरुषतर्फ क्रमशः नारायण बस्नेत प्रथम, दिनेस महर्जन द्वितीय र सचिन श्रेष्ठ तृतीय भए। यस्तै महिला खुलातर्फ कल्पना महर्जन प्रथम, याङ्दी लामा शेर्पा दोस्रो र चारु अर्याल तेस्रो हुन सफल भए। ५० देखि ६४ वर्ष उमेर समूहमा पुरुषतर्फ क्रमशः भिम बहादुर गुरुङ प्रथम, विक्रम महर्जन दोस्रो र देव महर्जन तेस्रा भए। ६५ वर्ष माथिका उमेर समूहमा मंगलदास महर्जन प्रथम, पुष्पलाल श्रेष्ठ दोस्रो र बद्री बहादुर मगर तेस्रो भए।

पदक विजेता खेलाडीहरुलाई नेपालको पहिलो राष्ट्रिय एथलेटिक्स प्रमुख प्रशिक्षक एवम् कार्यक्रमका प्रमुख अतिथि मधु शमशेर जबरा र विशेष अतिथि कीर्तिमानी धावक बैकुण्ठ मानन्धरले पदक वितरण गरेका थिए।

प्रयासमञ्च नेपालका अध्यक्ष जसु लामाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपालका पहिलो राष्ट्रिय एथलेटिक्स प्रमुख प्रशिक्षक मधु शमशेर जबरा, वर्तमान राष्ट्रिय प्रशिक्षकहरु विमला राना, धनीराम चौधरी र राकेश बज्राचार्यलाई नेपाल एथलेटिक्स सम्मान प्रदान गरिएको थियो।

## नेपाललाई विश्वसामु परिचित गराउँदै एभरेष्ट नेपाल कल्चरल ग्रुप

**काठमाडौं/मस–** एभरेष्ट नेपाल कल्चरल ग्रुपले फ्रान्स र स्पेनका विभिन्न शहरमा नेपाली लोक संस्कृतिको प्रदर्शन गरेको छ। सांस्कृतिक आदान-प्रदान गर्दै नेपाललाई विश्वसामु परिचित गराउँदै कल्चरल ग्रुपले फ्रान्सको कास्ट्रेस सेन्ट गिरन्स, सेन्ट जुलियन, विक सुर सेरे, डेक्सलगायत शहरमा र स्पेनको लेस प्रिसेस तथा बार्सिलोनामा आयोजित अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेलामा नेपालको तर्फबाट गौरवमय प्रस्तुति दिएर फर्किएको छ।

विभिन्न शहरमा नेपालसहित विश्वका ४५ भिभिन्न देशका दुई हजारा बढी कलाकारले भाग लिएका थिए भने मेला फ्रान्सका भिभिन्न शहरमा अगष्ट ३ तारिकदेखि १८ तारिकसम्म र स्पेनमा अगष्ट १९ तारिकदेखि अगष्ट ३१ तारिकसम्म चलेको थियो।

एभरेष्ट नेपाल कल्चरल ग्रुपका प्रमुख आरसी कोइराला (रामचन्द्र)को नेतृत्व तथा ग्रुपका निर्देशक सीतल आचार्य (सीता)को निर्देशनमा गएको टोलीको नृत्य निर्देशन नृत्य निर्देशक जोगेन्द्र केसीले गरेका थिए। टोलीले नेपालको परम्परागत लोक संस्कृति झल्काउने नृत्य प्रस्तुत गरेको थियो।




उक्त मेलामा नेपालको तर्फबाट झ्याउरे, तामाङ, मारुनी, थाली, सतार, धिमाल, शेब्रु, काल भैरब, बज्रपानी, लाखे, यती, सोरठीका साथै दर्जनौं नृत्य प्रदर्शन गरिएको कल्चरल ग्रुपका प्रमुख कोइरालाले जानकारी दिए।

मेलामा बाध्यवादक धनेश्वर तिवारी, गायक रामप्रसाद पाण्डे, सपना महर्जन, उत्तम शर्मा, प्रमिला रिजाल, सुदनमान मुनिकार, कृष्ण रसाल, चूडामणि फुयाँल, शर्मिला तमाङ, चाहना रानामगर, अनिशा श्रेष्ठ, रमेशप्रसाद पौडेल डिपी कोइराला, प्रदीप तिमिल्सिना तथा बालकलाकार सिराज कोइरालाले भाग लिएका थिए।

करिब एक महिनासम्म विभिन्न शहरमा आयोजना भएको मेलामा एभरेष्ट नेपाल कल्चरल ग्रुपका कलाकारहरुले विशेष गरेर वरिष्ठ नृत्य निर्देशक जोगेन्द्र केसीले ३ वर्षदेखि ७० वर्षसम्मका व्यक्तिहरुलाई नृत्य सिकाएका थिए।

फ्रान्सको डक्स शहरमा भएको सांस्कृतिक झाँकीमा ४० हजारभन्दा बढी दर्शकले नेपालको झाँकीलाई उत्कृष्ट भनेका थिए। झाँकीमा यति र लाखेसँग तस्बिर लिन तछाड-मछाडकै अवस्था भएको थियो। बाल कलाकार (१९ महिने) सिराज कोइरालाको नमस्तेसहितको अभिवादनले ४० हजार दर्शक मोहित भएका थिए। आयोजकहरुको सामाजिक सञ्जालभरि बाल कलाकार सिराज छाएका थिए।

सोही अवसरमा ग्रुपकी निर्देशक आचार्यले दुवै देशका सम्बन्धित नगरपालिका प्रमुख, उपस्थित सम्पूर्ण दर्शक तथा आयोजकलाई भेटेर नेपालमा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सकिने तथा भविष्यमा यससम्बन्धी विशेष कार्यक्रम सरकारी तथा गैरसरकारी निकायहरुको सहयोगमा गर्न सकिने बताएकी थिइन्।

ग्रुपका प्रवक्ता प्रदीप तिमील्सिनाले दुवै देशका कला पारखीहरुलाई नेपाली कल संस्कृतिको बारेमा जानकारी गराएका थिए।

नेपालीको प्रतिनिधित्व गर्दै नेपाली संस्कृतिमार्फत विश्वभर राजदूतको काम गर्ने कलाकार तथा संस्थालाई राज्यले बेवस्ता गर्दा दुःख लाग्ने ग्रुपका प्रमुख कोइराला बताउँछन्। उनले कला संस्कृतिलाई प्रवर्द्धन तथा सम्बर्द्धन गर्ने कलाकार राष्ट्रको सम्पत्ति हुन् भन्ने कुरा राज्यले बुझ्न जरुरी रहेको बताए।


*“कृषि, पर्यटन र पूर्वाधारको दीगोपनः समृद्ध, सुसंस्कृत शहिद लखन”*

**Shahid Lakhan Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Ghairung Gorkha**
**Gandaki Province**

**Invitation for Bids**

**Date of publication: 2081-05-23 BS**

1. Shahid Lakhan Rural Municipality invites electronic bid from national eligible bidders for Item Rate Contract of the following goods/works:

| S N | Contract No: | Brief Description of Works Title | Estimate Amount without VAT (Nrs.) | Bid Security Amount in (NRS) | Last Date & Time of Bid Submission | Bid Opening Date and time | Bid Validity Period after bid opening | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SLRM/GO/NCB/W /ROAD/081/082/02 | Upgrading works of Abuwa Bhogteni Bakrang Ward Office Manakamana Road | 86,07,963.44 | 2,50,000 | 2081/06/22 BS) Up to 12:00 hr | 2081/06/22 BS, 13:00 hr | 120 days | 3000 |
| 2 | SLRM/GO/NCB/W /ROAD/081/082/03 | Upgrading works of Tinmane Jumlichautara Rainas Road | 34,42,383.75 | 1,00,000 | 2081/06/22 BS) Up to 12:00 hr | 2081/06/22 BS, 13:00 hr | 120 days | 3000 |
| 3 | SLRM/GO/NCB/V /GOODS/081/082/04 | Procurement & Supply of 4WD Double Cab Vehicle | 29,24,778.76 | 85,000 | 2081/06/22 BS) Up to 12:00 hr | 2081/06/22 BS, 13:00 hr | 120 days | 3000 |

2. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (13th Amendment, 2080).
3. For further information, please refer to the PPMO's website. Any amendment in the notice or bid documents will be posted in website www.shahidlakhanmun.gov.np, notice board of this office and PPMO's website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



**Kakani Rural Municipality**
**Office of Rural Municipal Executive**
**Ranipauwa, Nuwakot**

**Invitation For Electronic Bids**

**First Date of publication: 2081-05-23**

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive, Ranipauwa Nuwakot invites open Competitive Bidding from Eligible Bidders for the following works under National Competitive Bidding Bidders for the following works under National Competitive Bidding.
2. Bid Submission and Bid Opening Dates are given below.

| Contract no. | Description and location of works | Estimate amount with PS (Excluding VAT NRs) | Bid Security Amount, Rs. | Bid Security Validity period | Price of Bid Document, Rs. | Last Date of Bid Purchase | Last Date of Submission | Bid Opening Date and Address |
|---|---|---|---|---|---|---|---|---|
| 02/Kakani/ Road/081-082 | Upgrading Of Kulay Sano chitre Manekharka Gairikharka Kalika Ma.Bi. Dhading Jiwanpur Rural Road Kakani Rm Ward No 03 | - | 7,30,000.00 | 90 days/120 days | 5000 | 2081/06/21 within office Hour | 2081/06/22 12:00 Hrs. | 2081/06/22,13:00 Hrs. at office of municipal executive, Kakani, Ranipauwa |
| 03/Kakani/ Road/081-082 | Upgrading Of Ranipauwa Phosro Dada Ward KaryalayeJane Rural Road Kakani Rm 05 | 1,71,76,110.68 | 5,05,000.00 | 90 days/ 120days | 3000 | 2081/06/21 within office Hour | 2081/06/22 12:00 Hrs. | 2081/06/22,13:00 Hrs. at office of municipal executive, Kakani, Ranipauwa |

3) A complete set of bid document shall be purchased from office of the Kakani Rural Municipality at office hours. The cost of bid document and bid security should deposit in the office account as specified bellow:
Name of Bank: Agricultural Development Bank. Ranipauwa Branch, Office
Office Account no:0213401251034093 (Kakani rural municipality Rajaswo khata)
Cash Deposit account no. 0213401251034042 (Cash deposit for Bid security)
4) Bid Documents shall be download from e-GP portal of PPMO’s websitewww.bolpatra.gov.np/egp Bidders submitting their bid electronically, should deposit the cost of biding document in the office’s Rajaswo Khata as specified above and The scanned copy (pdf format) of the Bank deposits voucher shall be uploaded by bidder at the time of electronic submission of the bids.
5) Eligible Bidders are advised to visit e-GP portal of PPMO’S website www.bolpatra.gov.np/egp further Details or may Contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa,Nuwakot,Telephone :9851241660 and mailing Address: ito.kakanimun@gmail.com
6) Matters not covered by this notice shall be in accordance with public procurement ACT-2063 and public procurement regulations-2064 and prevailing regulations and latest amendment.

**Chief Administrative officer**

## लामाचौर कप राष्ट्रिय भलिबल

# पुलिसले जित्यो उपाधि, सन्जु सर्वोत्कृष्ट खेलाडी घोषित

**कास्की/मस-** पोखरामा सम्पन्न लामाचौर कप राष्ट्रिय भलिबल प्रतियोगिताको पुरुषतर्फको उपाधि विभागीय टोली नेपाल पुलिस क्लबले जितेको छ। लामाचौरस्थित इन्द्रराज्यलक्ष्मी माविको खेल मैदानमा शनिबार सम्पन्न रोमाञ्चक फाइनल खेलमा अर्को विभागिय टोली एपिएफलाई ३-२ को सेटमा हराउँदै पुलिसले उपाधि चुमेको हो। पुलिस क्लब गत वर्षको उपविजेता हो। नवआदर्श सामुदायिक विकास समाजले आफ्नो वार्षिकोत्सव तथा हरितालिका तीजको अवसरमा प्रतियोगिता आयोजना गरेको थियो।



यसअघि शुक्रबार हुने भनिएको फाइनल खेल खराब प्रकाश (लाइट प्रोटेस्ट)का कारण १-१ सेटको बराबरीमा रोकिएपछि शनिबार खेलाइएको थियो। पुलिसले पहिलो सेट २५-१६को सहज जित निकाले पनि दोस्रो सेटमा २१-२५ को हार व्यहोरेको थियो। तेस्रो सेटमा पुनःखेलमा फर्कँदै पुलिसले २५-१९ को जित हासिल गर्‍यो तर चौथो सेटमा एपिएफ खेलमा फर्कँदै २५-२२ को जित निकालेपछि खेल २-२ सेटको बराबरीमा पुगेको थियो।

अन्तिम सेटसमेत निकै रोमाञ्चक बन्यो। दुवै टिमले निकै सङ्घर्ष गरे पनि अन्ततःनतिजा भने पुलिसको पक्षमा रह्यो। पुलिसले अन्तिम सेटमा १६-१४ को जित निकाल्दै उपाधि चुमेको हो। उपाधिसँगै पुलिसले नगद रू एक लाख ५० हजार हात पारेको छ। उपविजेता एपिएफले रू एक लाख एक सय ११ प्राप्त गर्‍यो।

प्रतियोगितामा नेपाल पुलिस क्लबका सञ्जुविक्रम शाह सर्वोत्कृष्ट खेलाडी घोषित भए। सोही क्लबका बलराम गुरुङ उत्कृष्ट सेटर, भिम गाहा उत्कृष्ट डिफेन्डर र सफल विक उत्कृष्ट ब्लकर घोषित भए। यस्तै, एपिएफका हेमन्त मल्ल उत्कृष्ट सर्भर, विजय थापा उत्कृष्ट स्पाइकर र पुलिस क्लबका चन्द्र कुवँर उत्कृष्ट प्रशिक्षक घोषित भए। उनीहरू सबैलाई समान रू पाँच-पाँच हजार, ट्रफी र मेडल पुरस्कार प्रदान गरियो।

प्रतियोगिताको महिलातर्फको उपाधि भने एपिएफले उचालेको थियो। शुक्रबार सम्पन्न फाइनल खेलमा न्यु डायमण्डलाई ३-१ को सेटमा हराउँदै उपाधि चुमेको हो। पहिलो सेट २५-२३ ले हराएको एपिएफले दोस्रो सेटमा पनि २५-२३ कै जित हासिल गर्‍यो, तर तेस्रो सेटमा १३-२५ को हार बेहोरेको एपिएफले चौथो सेटमा २५-१० ले हराउँदै उपाधि चुमेको हो।

प्रतियोगिताको महिला-पुरुष दुवैतर्फ चार-चार टिमको सहभागिता रहेको थियो। प्रतियोगिता यही भदौ १९ गतेदेखि सञ्चालन भएको थियो।

# गोल्डेनगेटलाई बास्केटबल उपाधि

**काठमाडौं/मस-** गोल्डेनगेट इन्टरनेशनल कलेजले प्रथम अन्तरकलेज छात्रा बास्केटबल प्रतियोगिताको उपाधि शनिबार जितेको छ। सानागाउँस्थित रोयल स्पोर्ट्स सेन्ट्रलको कोर्टमा भएको प्रतिस्पर्धात्मक फाइनलमा गोल्डेनगेटले जेभियर इन्टरनेसनल कलेजलाई ४२-४० को साँघुरो अन्तरले पराजित गर्‍यो। गोल्डेनगेटकी सन्ध्या डंगोलले सर्वाधिक १८ अंक जोडिन्। प्रोफेसनल एडुकेसन कन्सल्टेन्सी (पीइसी) द्वारा आयोजित प्रतियोगितामा सन्ध्यानै 'मोस्ट भेलुएबल प्लेयर' घोषित भइन्।

अत्तिरिक्त समयको खेल ३-१ ले आफ्नो पक्षमा पार्दै गोल्डेनगेटले उपाधि सुनिश्चित गरेको थियो। निर्धारित समयको खेल ३९-३९ को बराबरीमा टुंगिएको थियो। निर्धारित समयको चार क्वाटरमा गोल्डेनगेटले क्रमशः १०-११, ७-४, ८-१० र १४-१४ को प्रदर्शन गरेको थियो।

उपाधिसंगै गोल्डेनगेटले २० हजार तथा उपविजेता जेभियरले १० हजार नगदसहित ट्रफी, पदक र गिफ्ट ह्याम्पर प्राप्त गरे।

विजेतालाई अस्ट्रेलियन क्याथलिक युनिभर्सिटी (एसीयु)की रिजनल मार्केटिङ म्यानेजर कोल्मा फेच्नर, एसीयुकी रिजनल म्यानेजर अनुष्का श्रेष्ठ, पीइसीका संस्थापक एवं प्रमुख कार्यकारी अधिकृत एसके श्रेष्ठ, पीइसीका प्रोग्राम डाइरेक्टर राजु सिंह, नेपाली राष्ट्रिय महिला क्रिकेट टिमकी कप्तान इन्दु बर्मालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे।

# परिषद्द्वारा कालुङचोक क्रिकेट मैदान संघलाई हस्तान्तरण

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २२ भदौ

कर्णाली प्रदेश खेलकुल परिषद्ले निर्माण सम्पन्न गरेको कालुङचोक क्रिकेट मैदान कर्णाली प्रदेश क्रिकेट संघलाई हस्तान्तरण गरेको छ। संघको दोस्रो वार्षिकोत्सव कार्यक्रममा परिषद्का सदस्य-सचिव विश्वामित्र संज्यालले प्रदेश अध्यक्ष एवम् केन्द्रीय कोषाध्यक्ष पदमबहादुर खड्कालाई क्रिकेट मैदान हस्तान्तरणको पत्र हस्तान्तरण गरे।




कालिन्चोकमा तीन लेन पिचसहित ६५ यार्डको क्रिकेट खेल मैदान, तीन कोठे प्रिफेव घर, एक पानी ट्यांकीसहितको मोबाइल शौचालयसहितका संरचना परिषद्ले संघलाई हस्तान्तरण गरेको हो। यो मैदानमा असार ८ गतेदेखि १४ गतेसम्म मुख्यमन्त्री कप क्रिकेट प्रतियोगीता आयोजना भइसकेको छ। प्रदेश अध्यक्ष एवम् केन्द्रीय कोषाध्यक्ष खड्काले रंगशालाको अभावमा पनि कर्णालीमा क्रिकेटको विकास र विस्तार भएको बताउँदै अब ठूला प्रतियोगिता आयोजना गर्न समस्या नहुने बताए।

उनले प्रदेश राजधानी वीरेन्द्रनगरमै दुई क्रिकेट रंगशाला तयार भएकाले यसको संरक्षण र रेखदेखको जिम्मा क्रिकेटप्रेमीहरुको भएको बताए। उनले परिषद्ले संघलाई हस्तान्तरण गरेको क्रिकेट रंगशालाको संरक्षणका लागि केन्द्रले पाँच लाख रुपैयाँ छुट्याएको बताए। 'निकट भविश्यमै कर्णालीमा १०औं राष्ट्रिय क्रिकेट प्रतियोगिताको आयोजना हुँदैछ,' उनले भने, 'त्यसका लागि क्रिकेट ग्राउण्डको रेखदेख र संरक्षणका लागि संघले आवश्यक रकम छुट्याएको हो।'

उनले समयमै साधारण सभा आयोजना गर्ने जिल्ला र प्रदेश शाखाहरुलाई प्रोत्साहन स्वरुप ५० हजार र क्रिकेट गतिविधि आयोजनाका लागि थप एक लाख दिने निर्णय भएको बताए। उनले पहिलो चरणमा नेपालका १० जिल्लामा महिला क्रिकेटर प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न लागिएको बताए। ती १० जिल्लाहरुमा कर्णालीका दैलेख र सल्यान छनोट भएका छन्।

कोषाध्यक्ष खड्काले नेपाल प्रिमियर लिग (एनपीएल)मा पहिलो पटक कर्णाली सहभागी हुने अवसर पाएको बताए। 'विगतमा सात टिम हुन्थे बागमतीको प्रतिनिधित्व चितवनले गर्दथ्यो, काठमाडौंको छुट्टै टिम हुन्थ्यो,' उनले भने, 'अब एनपीएलमा कर्णाली आफ्नो पहिचानसहित सहभागी भएको छ।' उनले एनपीएल आयोजनाबाट संकलन भएको रकम प्रदेश र जिल्लालाई समानुपातिक वितरण गरिने पनि जनाए।

कर्णाली खेलकुद परिषद्का सदस्य-सचिव संज्यालले क्रिकेट रंगशाला निर्माणसँगै अब खेलाडी उत्पादनमा ध्यान दिनुपर्ने बताए। उनले नेपालमा पछिल्लो समय क्रिकेट खेलप्रतिको बढ्दो लोकप्रियतालाई संघले ध्यान दिनुपर्ने बताए।

'गाउँगाउँमा क्रिकेट खेलको विकासका लागि स्कुलस्कुलमा आउटडोर नेट राखेर अभ्यास गर्ने बानी बसाल्नुपर्छ,' उनले भने, 'यसो गर्न सकेको खण्डमा कर्णालीमा उत्कृष्ट खेलाडी उत्पादन गर्न सकिन्छ।' उनले प्रदेश राजधानीमा दुई वटा क्रिकेट मैदानका साथै इन्डोर र आउटडोर अभ्यासका लागि नेट राखिएको बताए। सदस्य-सचिव संज्यालले पूर्वी सुर्खेतको मैनतडामा अर्न्तराष्ट्रियस्तरको क्रिकेट रंगशाला निर्माणको पहल भइरहेको बताए।

---

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रहरी परिसर भद्रकाली काठमाडौं**
(प्रबन्ध शाखा)
कार्यालय कोड नं. ३१४०४३५२९

**सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना**

सूचना नं.:- ०१ (२०८१/०८२)
प्रथम पटक प्रकाशित मितिः-२०८१/०५/२३ गते
ने.सं.११४४ आईतबार

यस जिल्ला प्रहरी परिसर भद्रकाली काठमाडौंमा रहेका वेवारिसे/स्वामित्व नखुलेका (दुई पाङग्रे र चार पाङग्रे) सवारी साधनहरू सरकारी सम्पत्ति तथा जिन्सी मालसामानहरु लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०७९ को परिच्छेद ३ दफा २० को उपदफा ३ बमोजिम पत्रुको रुपमा लिलाम बिक्री गर्ने निर्णय भएको हुँदा जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलवन्दी बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले (सूचना मिति २०८१/०५/२३ गते) बाट १५ दिनभित्र बोलपत्र खरिद गरी १६ औं दिनको दिन (मिति २०८१/०६/०७ गते) दिनको १२:०० बजेको समयसम्म यस कार्यालयमा शिलबन्दी बोलपत्र पेश गर्न हुन ईच्छुक व्यक्ति, फर्म, सघ संस्था वा कम्पनीलाई यसै सूचनाद्वारा आव्हान गरिन्छ। अन्य कुरा बुझ्नु परेमा वा सम्पति तथा माल सामान सवारी साधन हेर्न चाएमा यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्न हुन अनुरोध। साथै पत्रुको रुपमा लिलाम विक्री हुने सवारी साधन चार पाङग्रे ५ थान र दुई पाङ्गे १० थान गरी १५ थानको न्युनतम मूल्य रू ४,३५,७१५।- (चार लाख पैतिस हजार सात सय पन्ध्र मात्र)।

---

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,**
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा**
सानोठिमी, भक्तपुरको

**श्री ग्लेयर इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. का.म.न.पा.-२९ को नाम, ठेगाना तथा कार्यक्रम नामसारी (स्वामित्व हस्तान्तरण) सम्बन्धमा ३५ दिने हकदावी उजुरी सम्बन्धी जरुरी सूचना**

तेस्रो पटक प्रकाशित मिति २०८१/०५/२३

यस परिषद्बाट छोटो अवधिको क्रमश Mason-320 hrs, Junior Building Electrician-390 hrs, Assistant Plumber-390 hrs र Shuttering Carpenter-434 hrs तालीम कार्यक्रमको सम्बन्धन/स्वीकृति लिएको संस्था श्री ग्लेयर इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. का.म.न.पा.२९, काठमाडौंले नाम र ठेगाना परिवर्तन गरी श्री प्राइम इन्स्टिच्यूट अफ होटल मेनेजमेन्ट एण्ड इन्जिनियरिङ्ग, ठेगाना परिवर्तन गरी का.म.न.पा.-३२ सुविधानगर, काठमाडौं ठेगाना परिर्वतन गरी का.म.न.पा. ३२, सुविधानगर, काठमाडौं तथा साविक शेयर धनीहरु ३ जना श्री राजु मग्रानी ना.प्र.नं. ६३०६३ गोरखा, श्री सुमन पौडेल ना.प्र.नं. २९३५६ लमजुङ्ग र श्री निराजन रायमाझी ना.प्र.नं. ३६३००८/४७४ नवलपरासीबाट नामसारी (स्वामित्व परिर्वतन) गरी श्री पर्शुराम जि.सि. (घर्ती क्षेत्री) ना.प्र.नं. ११९५८/भक्तपुर, श्री नारायण श्रेष्ठ ना.प्र.नं. २५१०५५/५७४१/ नुवाकोट, श्री राम कुष्ण पुरी ना.प्र.नं. ९१३५/भक्तपुर र श्री राहुल बुढाथोकी ना.प्र.नं. २७१०४२/४६८१७/काठमाडौं ४ जनाको नाममा कायम गराई पाउँ भनी पेश गरेको निवेदन माथि कारवाही हुँदा यस परिषद् कार्यालयको मिति २०८१/०५/११ गतेको निर्णयानुसार संस्थाको नाम, ठेगाना र (नामसारी) सहमति/स्वीकृति प्रकृया अगाडी बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृत उल्लेखित छोटो अवधिको तालीम कार्यक्रम प्रति कोही कसैको हकदावी विरोध गुनासो आदि भए यो सूचना अन्तिम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्रमा स-प्रमाण सहित लिखित जानकारी गराउनु हुन अनुरोध छ। उल्लेखित समयभित्र कसैको उजुरी नंपरेमा कानुनी म्याद समाप्त भएपछि माग भै आए अनुसार संस्थाको नाम ठेगाना तथा नामसारी (स्वामित्व) परिवर्तन प्रकृया भै जाने र म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सम्पर्कका लागि
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर। फोन नं. ०१-६६३०४०८

---

## Godawari Municipality
## Office of the Municipal Executive
**Sudurpaschim Province**
**Attariya, Kailali**

**Invitation for Online Bids**

**First date of publication: 2024-09-08 AD (2081/05/23 B.S.)**

1. Godawari Municipality, Office of the Municipal Executive. Attariya Kailali invites electronic bids only from Nepalese eligible bidders for the contracts named below.
2. Bidder should deposit the cost of bidding document in the office's revenue account as specified below.
   **Name of the Bank** : **NIC Asia Bank Ltd., Attariya, Kailali.**
   **Name of the Office** : **Godawari Municipality, Office of the Municipal Executive.**
   **Office Dharauri Account no** : **7141498622524001.**
   **Rajashwo (Revenue) Account no** : **0712051498622011.**
3. The detail of works are as follows.

| Contract no./ID | Description of Works | Total Estimated Amount (Without Vat ) | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|
| GM/ NCB/G/2081/82/01 | Supply and Delivery of Medicine | 47,21,817.30 | 1,19,000.00 | 3,000.00 |

Eligible Bidders may obtain all further information at the office of Municipality Executive, Telephone no: 091-508002 or may visit PPMO website http://www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

---

## Shailung Rural Municipality
## Office of the Rural Municipal Executive
**Katakuti, Dolakha**
**Bagamati Province, Nepal**

**Invitation for Bid**

**Date of Publication: 23/05/2081 (8th September 2024)**

Shailung Rural Municipality, Katakuti, Dolakha office invites electronic and sealed bids from all Nepalese eligible bidders for the mention in the table below on or before 22/06/2081 (8th October 2024) 12:00 hours. Eligible bidders may obtain further information at Shailung Rural Municipality, Katakuti, Dolakha or may visit PPMO website: www.bolpatra.gov.np/egp.

| S. N. | Name of Project | Contract ID | Estimated Amount (with VAT) | Bid Security (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Porsab Khanigaun Malighyang Pasal Tole Water Supply Project | SRM/NCB/W/01-2081/082 | 1,94,69,500.63 | 5,50,000.00 | 3000.00 |
| 2 | PyatharKhola Water Supply Project | SRM/NCB/W/02-2081/082 | 26,79,580.92 | 75,000.00 | 3000.00 |

**Chief Administrative Officer**

---

**UAE मा रोजगार** | कम्पनीः ROYAL FOR EMPLOYMENT SERVICES | शहरः UAE

पूर्व स्वीकृत मितिः २०८१/०५/२१ | चलानी नं.: ६०२२४९१५ | LT. No.: 310273

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Concrete Masons | 50 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |
| 3. | Gen. Building Labor | 50 | 0 | | 800 | २९,१९२ | | | | | | | |
| 4. | Steel Fixer/rod Binder | 50 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ३० गते (15 September 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

Confident International Manpower Pvt. Ltd.
Govt. Lic. No. 1423/074/075
Address: Sinamangal- 09, Kathmandu | Tel: 01- 5918957,5918958
E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com
Kathmandu :9848070440 | 9801969508 | 9851006270 | 9816031070, Pokhara: 9856067908, Janakpur-9818022236,9801670606.

**UAE मा रोजगार** | कम्पनी : ASK INTERNATIONAL LLC | शहर : UAE

पूर्व स्वीकृत मितिः २०८१/०५/२१ | चलानी नं.: ६०२२४९०९ | LT. No.: 310358

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 6 | 0 | स. काममा दक्ष | 1200 | ४३,७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ३० गते (15 September 2024) मा हुनेछ।


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457
Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Mob: 9851235143 | 9841136727 | 9803636760 | 9820293991 | 9869120271

# 'युवा पुस्ताको सहभागिताबिना हस्तकला उद्योग अब टिक्दैन'

नेपालको हस्तकला उद्योगले कला, संस्कृति, परम्परालाई विश्वमा परिचित बनाउने काम समेत गरेको छ । नेपाली हस्तकला विदेश निर्यातको लागि प्रचुर संम्भावना भएको क्षेत्र पनि हो । हस्तकला उद्योग व्यवसायमैत्री आवश्यक नीति नियम नहुँदा हस्तकला क्षेत्रले अगाडि बढ्न सकेको छैन । निर्यातको अथाह सम्भावना बोकेको क्षेत्रलाई ब्राण्डिङ गर्न सक्ने हो भने नेपालबाट हस्तकलाको समाग्री निर्यात गर्ने सम्भावना छ ।

गत आर्थिक वर्षमा समेत २५ अर्ब बराबारको व्यापार हुँदा १२ अर्बको निर्यात भएको देखिन्छ । यसले के देखाउछ भने हस्तकलाका उत्पादित वस्तुहरुको विश्व बजार विस्तार गर्न सकिन्छ । प्रस्तुत छ, यसै सन्दर्भमा नेपाली हस्तकलाको समस्य, अवसर र व्यवसायलाई प्रवर्द्धनमा गर्न के सरकारले के गर्नुपर्छ भनेर नेपाल हस्तकला महासंघका अध्यक्ष **प्रचण्ड शाक्य**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी



प्रचण्ड शाक्य, अध्यक्ष, नेपाल हस्तकला महासंघ

**नेपालमा हस्तकला व्यवसायको अवस्था अहिले कस्तो छ ?**

नेपालको कला र संस्कृतिलाई चिनाउने क्षेत्र नै हस्तकला हो । नेपाली हस्तकलाका उत्पादनहरु विश्वभर नै परिचित छन् । नेपालको हस्तकला व्यवसाय कोभिड महामारी कालमा निकै गाह्रो अवस्थामा गुज्रियो । अहिले हस्तकला व्यवसायमा तंग्रिन थालेको छ । तर, पछिल्लो समय नेपालबाट युवा पुस्ता पलायनको कारण हस्तकला क्षेत्रमा दक्ष जनशक्तिको अभाव बढ्दै गएको छ ।

नेपालबाट निर्यातको अथाह संभावना रहेको हस्तकला उद्यमका लागि सरकारसँग प्रोत्साहनको नीति नहुँदा नयाँ पुस्ता आउन सकेका छैनन् । पुराना पुस्ताले धानेको हस्तकला सीपलाई अब हस्तारणको लागि ठोस कार्यनीति नै बनाउनु पर्ने आवश्यकता छ । हस्तकलालाई टिकाइराख्ने नै हो भने ठूला उद्योगलाई जसरी सरकारी तवरबाट विभिन्न नाममा अनुदान दिने गरिन्छ त्यसरी नै हस्तकलामा आवद्ध उद्यमीलाई सरकारले नै सहज वातावरण बनाउन तर्फ जोड दिनुपर्छ ।

**हस्तकलामा किन जनशक्ति टिक्न सकेका छैनन् ?**

नेपाली हस्तकला अहिलेसम्म पुस्तान्तरणवाट चलिरहेको व्यवसाय हो । अहिलेको पुस्ताको शैक्षिक ज्ञानमा हस्तकला छैन । नयाँ पुस्ताले यो क्षेत्र भन्दा विदेश जाने वा नेपालीमा बसे जागिर खाने संस्कृति छ । नेपालमा बस्नु भन्दा बाहिर जाँदा राम्रो हुन्छ भन्ने समाजको मनोविज्ञान छ । हस्तकलामा लागेकाहरु पनि आफ्नो पुस्तालाई यो क्षेत्रमा लगाउन सकिरहेका छैनन् ।

नेपाल बस्ने भन्दा विदेश गएर जे सुकै काम गरेपनि राम्रो आम्दानी गरेका छन । पछिल्लो समय नेपालमा केही हुँदैन भन्ने भाष्य निर्माण हुँदापनि हस्तकलामा लाग्नेहरु समेत अहिले टिक्न सकेका छैनन् । हाम्रो शिक्षा नीति नै बेरोजगार शक्ति उत्पादन गर्ने प्रकारको छ । उद्यमतर्फ लाग्नका लागि प्रोत्साहन गर्ने शिक्षा र सामाजिक मनोविज्ञान नहुँदा नेपालमा युवा पुस्ता बस्न सकिरहेका छैनन्, जसको प्रभाव हस्तकला क्षेत्रमा पनि परेको छ ।

**नयाँ पुस्ता हस्तकला व्यवसायबाट फाइदा नहुने भएर पलायन भएका हुन् कि ?**

त्यस्तो होइन । नेपाली हस्तकलाको मूल्य अमुल्य छ । अन्य देश भन्दा हाम्रो हस्तकलामा प्राचित मूल्य मान्यता जोडिएका छन् । नेपालमा हस्तकलाको व्यापार गरेर राम्रो आम्दानी गर्नेहरु समेत धेरै छन् । तर, यसमा लगनशीलता र धैर्यताको आवश्यकता छ । अर्को हस्तकला साना तथा घरेलु उद्यम अन्तरगत पर्छ । यो उद्यमलाई सरकारले हेर्ने दृष्टि समेत कम पुगेको छ, त्यसैले काम गर्ने वातावरण धेरै ग्राह्रो नै छ ।

हस्तकलामा करको कुरा गर्ने हो भने विभिन्न प्रकारको कर तिर्नुपर्ने अवस्था छ । कच्चापदार्थ ल्याउँदा र बिक्री गर्दा समेत कर तिर्नुपर्ने अवस्था छ । छिटो लाभ लिन नसक्ने भएकोले लगानीकर्ताले समेत लगानी गर्न डराउनुपर्ने अवस्था छ । युवा पुस्ताको सहभागिताबिना नेपाली हस्तकला उद्योग अब माथि जान सक्दैन । युवा पुस्तालाई हस्तकलामा आकर्षित गर्न नियमित रुपमा सिपमूलक तालिम, हौसला र हस्तकलाको संम्भावनाको बारेमा ज्ञान दिनु आवश्यक ।

**हस्तकलाको व्यापार कस्तो छ ?**

हस्तकलाको वार्षिक व्यापार १२ अर्ब निर्यात छ र १२ अर्बकै भन्दा बढी नेपाल भित्र नै कारोबार भइरहेको छ । नेपालीहरुमा नेपाली चाडपर्व, उपहार, संस्कृति परम्परामा प्रयोग गर्ने नेपाली उत्पादनहरुको प्रयोग बढ्दो छ । नेपाली हस्तकला अमेरिका, युरोप, चीन, भारत लगायतका मुलुकमा राम्रो निर्यात हुने गरेको छ । पछिल्लो वर्षमा निर्यात बढ्नुले नेपाली हस्तकलामा माग छ भन्ने देखिन्छ ।

तर, हाम्रो सरकारी नीति हस्तकलाको व्यापारलाई निर्यातमा सहज गराउने प्रकारको छैन । नेपालमा ठूला-ठूला उद्योगले मात्र अनुदान पाइरहेको अवस्था छ । तर साना तथा घरेलु उद्योग छैन । केहीले अनुदान पाएपनि निकै मुस्किलले पाएका छन् । हस्तकलाको व्यापार विस्तार गर्ने वातावरण छैन ।

नेपाली हस्तकलाको अन्तर्राष्ट्रिय बजारमा माग धेरै छ । तर, पछिल्लो समय यो क्षेत्रमा लाग्ने युवा पुस्ताको रुची बढ्न नसक्दा माग बमोजिम उत्पादन गर्न सकिएको अवस्था छैन । सरकारले यो क्षेत्रलाई विशेष ध्यान दिनै पर्छ ।

**विदेशी सामान आयातबाट हस्तकला क्षेत्रलाई कस्तो असर गरिरहेको छ ?**

नेपालमै उत्पादन गर्न सकिने सामानहरु विदेशबाट आयात हुँदा अवश्य नै असर गर्छ । अर्को कुरा नेपाली हस्तकलाबाट उत्पादन हुने वस्तु जस्तै नक्कल गरेर नेपालमै आउने गरेकाले समेत समस्या छ । सरकारले नेपालमा उत्पादन हुने वस्तुमा जसरी विभिन्न शिर्षकमा कर लगाउने गरेको छ, त्यो घटाउने तर आयात हुने वस्तुलाई धेरै भन्सारदर बढाउने हो भने पनि नेपाली उद्योगीहरुलाई राहत हुन्छ । यसले नेपालको आयस्रोत बढ्छ र अर्थतन्त्र चलायन हुन्छ ।

विदेशमा समान उत्पादन गरे अनुसार अनुदान दिने गरेका छन् । नेपालमा त्यस्तो नगर्दा उद्यममा लाग्नेहरुको मनोबल उठ्न सकेको छैन । हामीले नेपालमै केही गर्नुपर्छ भनेर लागिरहेका छौं । यस्ता उद्यमीलाई वातारवण बनाउने हो लगानी बढ्छ भने रोजगारी सृजना समेत हुन्छ । अर्को महत्वपूर्ण कुरा भनेको हामीले पनि नेपाली उत्पादन भनेर माया गर्न सिक्नुपर्छ । विदेशीले रुचाउने तर, नेपालीले कम महत्व दिँदा समेत हाम्रो मेहनतको कदर भएको छैन । हामी साँच्ची नै आत्मनिर्भरको बाटोमा अगाडि बढ्ने सोच राख्ने हो भने स्वदेशी वस्तुलाई सरकारदेखि नागरिक समेत प्रयोग गर्नैपर्छ । नेपाली वस्तु प्रयोग गर्दा गर्वले अवस्था सृजना गर्न सकिन्छ ।

## राजधानीमा टर्किस खानाको स्वाद दिने रेष्टुरेन्ट 'अलेभ कबाब सल्टनेट'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ भदौ ।

टर्किस खाना विश्वभर चर्चित छ । टर्किस खानाको स्वाद लिनेहरुको संख्या दिनानुदिन बढ्दै जाँदा टर्किस रेस्टुरेन्टहरु पनि विश्वभर फैलँदो क्रममा छ । नेपालमा पनि टर्किस खाना खान चाहनेका लागि लोकप्रिय बनेको छ टर्किस रेस्टुरेन्ट 'अलेभ कबाब सल्टनेट' ।

काठमाडौंको नक्सालस्थित टंगालमा रहेको यस रेस्टुरेन्टको नाम पनि टर्किस भाषामा नै राखिएको छ । टर्किस भाषामा 'अलेभ'को अर्थ आगोको राप हो । त्यही आगोको रापमा सेकाउँदै पकाएको मासुलाई 'केबाप' भनिन्छ । यसलाई अरबी र अन्य राष्ट्रहरुमा कबाब भनेर चिनिन्छ । यस्तै 'सल्टनेट'को अर्थ भने दरबार हो ।

२०७७ साल फागुनबाट सञ्चालनमा आएको यस रेस्टुरेन्ट करिब ४ हजार स्क्वायर फिटमा फैलिएको छ । यस रेस्टुरेन्टमा हलाल गरिएको मासुका परिकारसँगै मध्य-पूर्वी परिकार पनि पाइन्छ । यहाँको खास विशेषता भने कबाब नै हो । मध्यम तथा उच्च स्तरका ग्राहकहरुलाई लक्षित गरी सञ्चालनमा ल्याइएको यस रेस्टुरेन्टमा प्रायः कूटनीतिक नियोगका अधिकारीहरु आफ्नो परिवारसहित टर्किस खानाको स्वाद लिन आउने गरेका छन् । साथै यस रेस्टुरेन्टमा व्यावसायिक व्यक्तित्वहरु



तथा सेलिब्रेटीहरु पनि पुग्ने गरेका छन् ।

पूर्वयुवराज पारस शाह र पूर्वयुवराज्ञी हिमानी शाह प्रायः पुगिरहने यस रेस्टुरेन्टमा गत साता कुशे औंशी (बुबाको मुख हेर्ने दिन)मा पूर्वराजा ज्ञानेन्द्र शाह स-परिवारसहित पुगेका थिए । करिब साढे दुई घण्टा रेस्टुरेन्टमा बिताएको पूर्वराजा शाहको परिवारले त्यहाँका विभिन्न परिकारको स्वाद लिएको थियो । फर्किने बेला पूर्वराजा ज्ञानेन्द्रले रेस्टुरेन्टको खाना



तथा सेवा सुविधाको तारिफ गरेको रेस्टुरेन्टका प्रमुख सेफ प्रकाश कटुवालले बताए । विभिन्न देशमा गएर सेफको जिम्मेवारी सम्हालिसकेका कटुवाल निकै अनुभवी मानिन्छन् ।

संयुक्त साझेदारीमा खोलिएको यस रेस्टरेन्टको चेयरम्यान कृष्ण पौडेल हुन् । पौडेल काठमाडौंको बत्तीसपुतलीमा रहेको अनुपम फुडल्याडका चेयरम्यान पनि हुन् । वैदेशिक रोजगार व्यवसायीसमेत रहेका पौडेलको अनुपम फुडल्याण्ड आईएसओ मान्यता प्राप्त बैंक्वेट हो ।

साथै अलेभमा नेपालीहरुको प्रमुख रोजगार गन्तव्य मुलुकका रोजगारदाताहरु पनि पुग्ने गरेका छन् । नेपाली कामदार लैजान अन्तर्वार्ता लिन काठमाडौं आउँदा यूएई, कतार, बहराइनलगायत मुलुकका रोजगारदाताहरु वैदेशिक रोजगार व्यवसायीसँगै अलेभ रेस्टुरेन्टमा आउने गरेको चेयरम्यान पौडेल बताउँछन् ।

## हरि रोकाले ल्याए 'वैकल्पिक अर्थतन्त्र'

**काठमाडौं/मस-** हरि रोकाले 'वैकल्पिक अर्थतन्त्र' पुस्तक ल्याएका छन् । शनिबार नेपाल प्रज्ञा प्रतिष्ठानको डबलीमा विमोचन भएसँगै उक्त पुस्तक बजारमा आएको हो । पुस्तक विमोचनपछि त्यसको समीक्षा पनि भएको थियो । त्यस अवसरमा लेखक रोकाले राजनीतिक वृत्त, नीति निर्माता, बौद्धिक जगत् र समग्र समाजबीच नेपालको अर्थ-राजनीतिबारे वैकल्पिक बहस आवश्यक भएकाले पुस्तक तयार पारेको बताए ।

देशमा बहुदलीय व्यवस्था प्रारम्भभएपछि सबै क्षेत्रमा सुधार हुन्छ भन्ने ठानिएकामा यथार्थमा त्यसो हुन नसकेको र राजनीतिक स्वतन्त्रता आए पनि आर्थिक तथा सामाजिक स्वतन्त्रता मुलुकले प्राप्त गर्न नसकेको उनले बताए । पूर्वकृषिमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का महासचिव घनश्याम भुसालले राजनीतिक तहमा अहिलेको अर्थतन्त्रका व्यावहारिक समस्या के हुन् र त्यसको समाधान कसरी खोज्न सकिन्छ भनेर निकै कम चिन्तन हुने गरेको बताए । उद्यम नगर्ने तर मुनाफा खोजीरहने प्रवृत्तिको अन्त्य नभएसम्म समाजवाद हासिल नहुने



उनले बताए ।

अर्थविद् प्राध्यापक अच्युत वाग्लेले अर्थतन्त्रका विषयमा राजनीतिक दलहरुमा निकै कम विमर्श हुने गरेको बताउँदै अर्थतन्त्रबारे सुझबुझ भएका व्यक्तिलाई मुलुकको अर्थतन्त्र सञ्चालनको जिम्मेवारी दिइनुपर्ने बताए । विषयगत ज्ञान नभएका व्यक्तिलाई अर्थतन्त्र जिम्मा लगाउँदा त्यसले नतिजा दिन नसकेको उनले बताए । देशमा पुँजीवाद, उदारवाद, समाजवाद अथवा साम्यवाद जे भनेपनि सबै राजनीतिक दलहरु स्वार्थ केन्द्रित र भष्ट्राचारमा केन्द्रित भएको आरोपसमेत उनले लगाए । रोकाको पुस्तकमा नवउदारवादलाई आलोचनात्मक ढङगले हेरिएको प्राध्यापक वाग्लले बताए । बेला पब्लिकेशनले बजारमा ल्याएको 'वैकल्पिक अर्थतन्त्र' पुस्तकमा वैकल्पिक आर्थिक नीति, राज्य र अर्थतन्त्र, कृषिको रुपान्तरण र खाद्य सुरक्षा, भूमिसुधार, औद्योगिक नीति, मौद्रिक नीति, कर प्रणाली पुनर्संरचनालगायत विभिन्न १२ वटा शीर्षकमा अर्थ राजनीतिक निबन्ध छन् ।

## बजाजले ल्यायो 'क्यास सफारी' अफर

**काठमाडौं/मस-** बजाज मोटरसाइकलको नेपालको लागि आधिकारिक बिक्रेता कम्पनी हंशराज हुलासचन्द एण्ड कम्पनीले नयाँ स्किम 'क्यास सफारी' ल्याएको छ । नेपालीहरुको महान चाड बडा दशैं-तिहार र छठको अवसरमा यस्तो स्किम ल्याएको हो । 'हातहातमा हात्ती, लकमा लखपति'को सन्देशसहित यसपालीको चाडपर्व विशेष हुने कम्पनीले जनाएको छ ।

उक्त योजनाअन्तर्गत ग्राहकहरुले हरेक बजाजको खरिदमा स्योर सट रुपमा १ लाखसम्म क्यास जित्न सक्नेछन् भने साप्ताहिक-ड्र अन्तर्गत हरेक हप्ता एक जोडीले चितवनमा जंगल सफारीको अवसर पाउनेछन् । त्यसैगरी, बम्परमा एक जोडीले केन्यामा जंगल सफारीको अवसर पाउनेछन् । कम्पनीका हेड अफ मार्केटिङ अमित राज चालिसेले ग्राहकहरुलाई फरक किसिमको अनुभव प्रदान गर्न यस्तो किसिमको स्किम ल्याएको जानकारी दिए ।

बजाजले ग्राहकहरुका लागि रोमाञ्चक योजना र अफरहरु ल्याउँदै आइरहेको छ । इजी फाइनान्स र ५० प्रतिशत डाउनपेमेन्टको अफर पनि यस चाडपर्वमा लागू हुनेछ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**